

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २१४ • २०८० साल पुस १६ गते सोमबार (1 January, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राष्ट्रिय सभा सदस्यका लागि कांग्रेसबाट ७ जनाको सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम। सत्तारुढ नेपाली कांग्रेस मधेश प्रदेश समितिले राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आकांक्षी उम्मेदवारको नाम आइतवार सिफारिस गरेको छ।

कांग्रेस मधेश प्रदेश समितिका सभापति कृष्ण यादवले वरिष्ठता, कार्यक्षमता, समावेशी समानुपातिकको आधारमा नाम सिफारिस गरिएको बताएका छन्।

प्राथमिकताका अनुसार ७ जना नेताको नाम कांग्रेस केन्द्रीय समितिमा पठाइएको मधेश प्रदेशका भौतिक विकास पूर्वाधारमन्त्रीसमेत रहेका सभापति यादवले बताए।

'वरिष्ठताका आधारमा सम्भावित सूचीको पहिलो नम्बरमा नै केन्द्रीय सदस्यसमेत रहेका अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानालाई राखिएको छ ' सभापति यादवले भने, समानुपातिकतर्फको



बन्द सूचीबाट उनको नाम फिर्ता लिएको छ।

दोश्रो नम्बरमा सहमहामन्त्री फरमुल्लाह मन्सुरको नाम रहेको छ। गत निर्वाचनमा उनी प्रतिनिधिसभा सदस्यको प्रत्याशी थिए।

त्यसपछि क्रमशः सर्लाहीबाट नागेन्द्रकुमार, बाराबाट राधेचन्द्र यादव, महोत्तरीबाट रामचन्द्र तिवारी, पर्साबाट रजिन्द्रबहादुर अमात्य र रौतहटबाट हृदयनारायण यादवको नाम राष्ट्रियसभा सदस्यको निर्वाचनको आकांक्षी उम्मेदवारका लागि टुंगो लगाउन कांग्रेसको केन्द्रीय समितिमा सिफारिस गरिएको छ।

आगामी माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनका लागि कांग्रेसले सात वटै प्रदेशबाट नाम संकलन गरेको छ।

राष्ट्रिय सभामा रिक्त हुने २० मध्ये १९ जना राष्ट्रियसभा सदस्यका लागि पुस २३ गते उम्मेदवारले आफ्नो नाम दर्ता गराउनुपर्ने छ । एकजनालाई सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने व्यवस्था रहेको छ।

कांग्रेस बाहेक अन्य दलले भने अहिलेसम्म पनि उम्मेदवारको नाम टुंगो लगाएर केन्द्रीय समितिमा सिफारिस गर्न सकेको छैन।

मधेश प्रदेशमा राष्ट्रिय सभाको २ जना सदस्यको पद रिक्त भएको छ।रिक्त भएका पदहरु मध्ये जनता समाजवादी पार्टी(जसपा)को एकजना रहेका छन् ।सत्तारुढ गठबन्धन दलहरुमा भएको सहमति अनुसार रिक्त भएको सिटमा सम्बन्धित दलले नै उम्मेदवार उठाउने छन् ।एमालेको रिक्त स्थान भने बाँडफाँटमा सहमति हुन बाँकी छ।

## नेपालमा भारुको फेरि अवमूल्यन

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपालमा सरकारी स्तरबाट भारतीय रुपैयाँको विनिमय दरमा कुनै परिवर्तन नभए पनि सीमावर्ती नेपाली बजारमा भारतीय ५ सय दरको नोटको फेरि अवमूल्यन भएको छ।

नेपालमा बन्देज रहेको ५ सय दरको भारतीय रुपैयाँको कारोबार सीमावर्ती बजारमा निर्वाध रुपमा हुने गरेको छ। सीमावर्ती क्षेत्रमा ५ सयको भारु नेपालमा ७ सय ५० रुपैयाँमा लिने गरिएको छ।

सुन तस्करी बढेसँगै आउने भारतीय ५ सय दरको नोटको अवमूल्यन हुने गरेको छ। दशैं तिहार अगाडि कमजोर रहेको भारतीय ५ सय दरको नोट मंसिरदेखि विनिमय दरकै आधारमा कारोबार हुन थालेको थियो। तर फेरि ५ सय नोटको कारोबारमा समस्या देखिएको छ। भारतीय ५ सय दरको नोट बोकेर आउने पर्यटकहरु सर्वाधिक समस्यामा पर्ने गरेका छन्।




## नयाँ वर्षमा जनकपुरधाम भरिभराउ

**टुडे समाचारदाता**

जनकपुरधाम। अन्तर्राष्ट्रिय नयाँ वर्ष २०२४ सोमवारदेखि प्रारम्भ भएको छ। नयाँ वर्षको अघिल्लो दिन आन्तरिक तथा वाह्य पर्यटकले जनकपुरधाम भरिभराउ देखिएको छ। खास गरी छिमेकी मुलुक भारत बिहार राज्यका युवा युवतीहरुले नयाँ वर्षमा रमाइलो गर्न तथा विश्व प्रसिद्ध जानकी मन्दिरमा पूजापाठ गर्न उल्लेख्य संख्यामा आएका छन्।

नयाँ वर्षको पूर्व सन्ध्यामा जनकपुरधामका होटेल, रेष्टुरेन्ट तथा लजहरुमा वाह्य पर्यटकहरुको भिडभाड देखिएको छ। भारत बिहार राज्यका साथै दक्षिण भारत, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, उत्तरप्रदेश, सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौंको संख्यामा पर्यटकहरु आएका छन्। पर्यटकहरुलाई आकर्षित गर्न विभिन्न होटेलहरुले सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरेका छन्।

पर्यटकहरुको संख्यामा वृद्धि भएपछि जनकपुरधाममा भारतीय सवारी साधनको चाप बढेको छ। जनकपुरधामको कुनै स्थानमा अप्रिय घटना हुन नदिन चोक चोकमा व्यापक प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।






# सरकारको एक वर्षमा अनागरिकलाई नागरिक बन्ने बाटो खुल्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । देश चुनावमय छ । देशलाई नीति र नेतृत्व दिने प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधि चुन्ने र चुनिने चटारो सबैलाई छ । तर जनकपुरधाम उपमहानगरपालिका-४ बतिमपुरका २१ वर्षीय अनुराज झालाई आफ्नो प्रतिनिधि छान्न नपाउने भएपछि चुनावले छोएको छैन । अन्यायका विरुद्ध बोल्ने र सामाजिक रुपान्तरणका आन्दोलनहरुमा अगाडि देखिन रुचाउने अनुराज निर्वाचनको बेला भने कहिल्यै अगाडि आउदैनन् ।

सामाजिक रुपान्तरणका आन्दोलनमा सधैँ अगाडि देखिने गणेशमान चारनाथ नगरपालिका-३ भरतपुर, धनुषाका इन्द्रजित साफी पनि चुनाव आयो कि सधैँ निराश छन् । धेरैले प्रश्न गर्नुहोला, सधैँ सक्रिय रहने उनी किन निर्वाचनजस्तो महाउत्सवमा पनि उत्साहित हुनुहुन्न ? अरु कारणले नभई नागरिकताविहीन भएकैले यस्तो भएको हो ।"

यी भनाइहरु गतवर्ष आमनिर्वाचन हुनुभन्दा केही दिनअघि मात्रै राससको 'जो आफ्नो प्रतिनिधि चुन्न पाउँदैनन्' समाचार शीर्षकमा लेखिएका थिए । त्यसताका देशका लाखौं नागरिकताविहीनले भोग्नुपरेका पीडा, गर्नुपरेका सङ्घर्ष र असन्तुष्टिका आवाज मिडियामा यसरी नै पोखिने गर्थे । त्यस्तै समाचारका पात्र हुनुहुन्थ्यो इन्द्रजित र अनुराज पनि । तर अहिले भने उहाँहरु दुबै जनाले नागरिकता पाएका छन् ।

उनीहरु मात्रै होइन, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको गठबन्धन सरकारले गरेको पहलकदमीका कारण आएको नागरिकता ऐन (पहिलो संशोधन) २०७९ पछि वर्षौंदेखिका नागरिकताविहीनले नागरिकता पाउने बाटो खुलेको छ । "नागरिकता नहुँदा हाम्रो मताधिकार मात्रै खोसिएको थिएन । सम्मानपूर्वक बाँच्न पाउने हकदेखि सम्पत्ती, शिक्षा, स्वास्थ्य, रोजगारी र नागरिकले पाउने सम्पूर्ण हकबाट बञ्चित हुनुपरेको थियो, जसको अभावमा हामीले भोग्नुपरेको दुःखको बयान गरेर साध्य छैन", सफीले भने,"सायद सरकार र राष्ट्रपतिज्यूले त्यो हिम्मत नगरेको भए अहिले पनि हामीहरु अनागरिक नै हुन्थ्यौँ होला । त्यसैले उहाँहरुसहित सम्मानीत सर्वोच्च अदालतका न्यायमूर्ति पनि धन्यवादको पात्र छन् ।"


वर्तमान सरकार निर्माणको जगका रुपमा रहेको संसदीय निर्वाचनमा मत हाल्न नपाएका अनुराग झासँग पनि अहिले नेपालको नागरिकता छ । नागरिकता पाएसँगै उनले वर्षौंदेखिको झमेलाबाट मुक्ति पाएका छन् । "हामी चार पुस्तादेखि नेपालमै छौं । मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिएका छन् । आमाको नामबाट नागरिकता बन्दैन, बुबा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्थ्यो । त्यसैले हामी चारजना भाइबहिनी (अ)नागरिक हुँदा रोजेको ठाउँमा पढ्न पाएनौं । चाहेको पेशा गर्न पाएनौं । बैंक खाता, सवारी चालक अनुमति पत्रसमेत नबन्दाको पीडा त झन् खपिनसक्नु थियो", अनुराजले स्मरण गराए ।

राजनीतिक खिचातानीका कारण आफ्नो भविष्य धेरै पछाडि धकेलिएको बताउने उनी नागरिकता पाएसँगै भविष्य निर्माणको आशा पलाएको बताए । "अहिलेसम्म मत हाल्न पनि पाएनौं । त्यसको पीडा तपाईंहरुमार्फत नै चुनावको बेला पोखेको थिए । मैले नै मत नहालेको सरकारले मेरा समस्याहरु सुल्झाउन के चाँसो देलाजस्तो लागेको थियो । तर अहिले त्यही सरकारले मजस्ता लाखौं नागरिकको पीडा बुझेको छ । समस्या समाधान भएकामा खुसी छु", झाले भने ।

राजनीतिक स्वार्थ र जसअपजसको उल्झन्मा परेर झन्पछि झन पेचिलो बन्दै गएको वर्षौंदेखिको नागरिकता समस्याले देशभित्रै दोस्रो दर्जाको जीवन बिताउन बाध्य नागरिकको पीडामा वर्तमान सरकारको कदमले मलहमपट्टी लगाउने काम गरेकामा राजनीतिक विश्लेषक राजेश बिद्रोही सरकारलाई धन्यवाद दिन्छन् । उनी नागरिकका समस्या सुल्झाउन भनेर राजनीति गर्नेहरुकै बदनियत्का कारण नागरिकता समस्या झनै उल्झनमा पारेकामा पछिल्लो सरकारले भने त्यसमा सुझबुझपूर्ण पहलकदमी लिएको बताउछन् । "नागरिकताबिनाको जीवन कति पीडादायी हुन्छ भन्ने कुरा भोग्नेलाई मात्रै थाहा हुन्छ । नागरिकताको अभावमा शिक्षा, स्वास्थ्य, रोजगारलगायत राज्यले दिने सेवा-सुविधाबाट बञ्चित हुने मात्रै होइन मरे-बाँचेको लेखाजोखासमेत नहुने अवस्था कति दर्दनाक हुन्छ", विद्रोहीले भने,"नागरिकता ऐन ल्याउने कदमले केही हदसम्म राहत दिएको छ । तर नागरिकता नहुँदा रोकिएको वृत्ति विकास, अपमान र अवहेलनाको क्षतिपूर्ति जसै गरे नि पूर्ति हुन सक्दैन । यसमा सबैले प्रायश्चित गर्नुपर्छ ।"

चार पुस्तासम्म पनि राज्यको कुनै परिचय र पहिचान नभएका कतिपय स्थानीयलाई यो नागरिकता ऐनले सम्बोधन गर्न नसकेको भन्दै त्यस्ता समस्या समाधानमा पनि उपयुक्त बाटो अबलम्बन गरिनुपर्ने बिद्रोहीको सुझाव छ । उनी भन्छन्,"मधेसका अधिकांश मूलबासीहरू अझैं पनि नागरिकताबाट बञ्चित छन् । यसका कारण गरिबी, अशिक्षा, भूमिहीनता, सुकुम्बासी बनिरहनुपर्ने अवस्था छ । त्यही पहिचानको अभावमा बसिरहेको जमिन खोसिँदैछ । यी वास्तविक मूलबासीका समस्या सुल्झाउने प्रयास पनि जरुरी छ ।"

गत जेठ १२ गते बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा २०७५ देखि थन्किएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएसँगै जन्मसिद्ध र वैवाहिक अङ्गिकृत नागरिकता समस्या समाधान भएको छ । राष्ट्रपति पौडेलले लगाएको लालमोहरमा गत असार ७ गते सर्वोच्च अदालतले समेत लालमोहर लगाइदिएपछि अहिले देशभरि जन्मसिद्ध नागरिकता पाउने क्रम धमाधम भइरहेको छ । गृहमन्त्रालयको विवरणअनुसार मङ्सिर मसान्तसम्म करिब ७० हजार जन्मसिद्धका सन्तानले नागरिकता लिएका छन् । त्यसैगरी नागरिकताविहीन सङ्घर्ष समितिले हालसम्म करिब एक लाख जनाले नागरिकताप्राप्त गरेको अनुमान गरेको छ ।



### 'संविधानका आठ वर्ष'

राजनीतिक सङ्क्रमणका कारण आफ्नै देशमा पुस्तौंपुस्ता बिताएकाहरु अनागरिक बनिरहने अवस्था थियो । जबकी विसं २०७२ मा आएको गणतन्त्र नेपालको संविधानको धारा १० को उपदफा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन भन्ने प्रावधान प्रष्ट थियो । तर आठ वर्षसम्म पनि यो समस्या राजनीतिक नाफाघाटाको विषय बनिरह्यो ।

मधेस प्रदेशका मुख्य न्यायाधीवक्ता वीरेन्द्र ठाकुर संविधानले प्रष्ट भनेको कुरालाई समेत आफूखुसी व्याख्या गर्दा गणतान्त्रिक मुलुकमा पनि लाखौं नागरिक अनागरिक बन्ने अवस्था आएको बताउछन् । तर ढिलै भए पनि सरकारले समस्या समाधान गर्नु सराहनीय भएको उनको भनाइ छ । उनले भन्छन्, "जसअपजस दिनेभन्दा पनि यो समस्या समाधान हुनुपर्थ्यो भयो । अब त्यसलाई व्यावहारिकरुपमा कार्यान्वयनमा जोड दिनुपर्छ ।"

विसं २०६२/६३ को दोस्रो जनआन्दोलनपछि बनेको नेपाल नागरिकता ऐन, २०६३ को प्रावधानअनुसार त्यसताका एक लाख ९० हजार सात सय २६ जनाले जन्मसिद्ध नागरिकता पाएका थिए । तर संविधानसभा निर्वाचनपछि राजनीतिक सङ्क्रमणले लय पक्रिन नसक्दा त्यसबखत नेतृत्वकै मन्त्रिपरिषद्को सिफारिसमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७८ जेठ ९ गते नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश जारी गर्नुभयो । जबकी अघिल्लो दिन जेठ ८ गते (२७ गते मध्यरात) संसद विघटन गरिएको थियो । तर सर्वोच्च अदालतले सोही जेठ २७ गते अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो । त्यसपछि असार २८ गते पुनर्स्थापित प्रतिनिधिसभा र त्यसपछिका प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले अघिल्लो सरकारले पेश गरेको विधेयक २०७९ असार २१ गते फिर्ता लिने निर्णय गऱ्यो । साउन ६ गते प्रतिनिधिसभामा छलफलपछि पारित भयो । साउन १२ गते राष्ट्रियसभाबाट समेत पारित भएपछि सो विधेयक प्रमाणीकरणका लागि २०७९ साउन १५ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई पठाइयो । तर साउन २९ गते उनले सन्देशसहित संसद्मा फिर्ता गरिदिए । फेरि सङ्घीय संसद्ले हुबहु पारित गरेर २०७९ भदौ २० मा प्रमाणीकरणका लागि शीतलनिवास पठाइएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नैपर्ने संवैधानिक व्यवस्था गुजारेर निस्क्रिय पारियो ।

तर गत मङ्सिर ४ गतेको निर्वाचनपछि पुस १० गते प्रधानमन्त्री हुनुभएका प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्ले शीतलनिवासमा थन्किएको सोही विधेयक प्रमाणीकरणका लागि २०८० जेठ १२ गते राष्ट्रपति रामचन्द्र पौडेललाई अनुरोध गऱ्यो । राष्ट्रपतिबाट प्रमाणीकरण र सर्वोच्च अदालतका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले सोविरुद्ध परेको रिट खारेज गरिदिएसँगै जन्मसिद्ध नेपाली नागरिकका सन्तानले नागरिकता पाउने बाटो खुला भयो ।

ऐन जारी भएपछि वर्षौंदेखि अनागरिक रहेका लाखौं व्यक्तिले त्यो दुष्चक्रबाट छुटकारा पाएका छन् । यसले ती नागरिकहरुको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार सुरक्षित गरिदिएको छ । नागरिकता ऐनमा गरिएको नयाँ व्यवस्थाअनुसार पाँच लाखभन्दा बढीले नागरिकता लिने अनुमान छ ।

### ऐन कार्यान्वयनले सुल्झाएका विषय

नेपालमा नागरिकताको प्रमाणपत्र लिनदिने कानुनको सुरुआत पहिलोपटक नेपाल नागरिकता ऐन, २००९ मा भएयता आवश्यक कानुन बनाएर नागरिकता जारी गर्ने गरिएको छ । अन्तिमपटक २०७२ असोज ३ गते जारी संविधानले पनि जन्मसिद्ध, वैवाहिक अङ्गीकृत र अङ्गीकृत तथा गैरआवासीय नेपालीको हकमा सङ्घीय कानुन बनाएर नागरिकता दिइने व्यवस्था गरेको छ ।

संविधान जारी भएको सात वर्षसम्म पनि नागरिकतालाई 'भोट र राष्ट्रियता' को विषय बनाउँदा सबैभन्दा बढी जन्मसिद्धका सन्तानहरुले समस्या भोग्नुपर्यो । यद्यपि अध्यादेश र संसदबाट नागरिकता कानुन बनाउने प्रयास भने नभएका होइनन् । तर ती सफल हुनसकेनन् । जसले गर्दा १६ वर्ष पुगेका जन्मसिद्ध नागरिकका सन्तान नागरिकता पाउने अधिकारबाट वञ्चित भइरहे । तर गत असार ७ गतेपछि संशोधित नागरिकता ऐनका आधारमा जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्राप्त गरिरहेका छन् । २०८० जेठ १७ गते राजपत्रमा प्रकाशित नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको सो ऐनले मुख्यतः निम्न विषयहरुका समस्या समाधान गरेको छ ।

जन्मका आधारमा नागरिकता दिने व्यवस्था भएको छ । दफा ३ उपदफा २ (४) मा '२०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्' भन्ने ऐनको प्रावधानअनुसार अहिले नागरिकता वितरणको काम भइरहेको हो । गृह मन्त्रालयका अनुसार यो प्रावधानमा टेकेर मङ्सिर मसान्तसम्म करिब ७० हजार जन्मसिद्ध नागरिकता प्रदान गरिएको छ ।

गैरआवासीय नेपाली नागरिकता प्राप्तिको बाटो खुलेको छ । यस प्रावधानअनुसार मङ्सिर मसान्तसम्म आठ सय ५६ जनाले सोहीअनुसार नागरिकता लिएका गृह मन्त्रालयको तथ्याङ्क छ । अर्को प्रावधान छ आमाको नामबाट मात्र पनि नागरिकता । अहिले यो व्यवस्थाअनुसार सबैले नागरिकता पाउन भने समस्या भइरहेको नागरिकताविहीन सङ्घर्ष समितिले जनाएको छ । संयोजक साफीले भने,"एकल अभिभावकत्वमा हुर्काएका कुमारी आमाका सन्तानलाई मात्रै आमाको नामबाट नागरिकता दिने गरिएको छ तर ऐनले भनेअनुसार अरुको हकमा अहिले पनि नागरिकता लिन समस्या नै छ । जिल्लाले गृहको आदेश पर्खिराखेको छ । यीलगायत समस्या समाधानका लागि थप पहल गर्नुपर्ने आवश्यकता छ ।"

अब नागरिकता बनाउने व्यक्तिले आमा वा बाबुको थर र ठेगाना रोज्न पाउने भएका छन् भने यसअघिसम्म बाबु वा बाजेको विवरणको आधारमा नागरिकता प्रदान हुने गरेकामा अब आमाको समेत अभिलेख राख्नुपर्ने । नेपालमा फेला परेका मातृत्व र पितृत्व ठेगान नभएका व्यक्तिले नागरिकता प्राप्त गर्ने व्यवस्थामा विधेयकले स्पष्टता कायम गरेको छ । यस आधारमा नागरिकता प्राप्त गर्न बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस पेश गर्नुपर्नेछ ।

सरकारले स्वीकार गरेको संशोधनले कुनै व्यक्तिलाई नागरिकता दिलाउन परिवारका सदस्यले कागजात र प्रमाण नदिएको अवस्थामा नागरिकता दिने अधिकारीले परिवारका सदस्यलाई सम्बन्धित कार्यालयमा उपस्थित हुन म्याद जारी गरी झिकाइ सनाखत गर्न लगाउने व्यवस्था गरेको छ । यी प्रावधानले वर्षौंदेखिका समस्या समाधान भई लाखौं नागरिकले देशको नागरिक बन्ने शौभाग्य पाउँदैछन् । जसका लागि उनीहरुले वषौदेखि सङ्घर्ष गरिरहेका थिए ।

# लुम्बिनी प्रदेशसभामा संसदीय समितिको निर्वाचन पुन:स्थगन

**टुडे समाचारदाता**



लुम्बिनी । लुम्बिनी प्रदेशसभाका विषयगत समितिका सभापतिको निर्वाचन पुन : स्थगित भएको छ । सभामुख तुलारामको घर्तीको निर्देशनअनुसार अर्को सूचना जारी नभएसम्मका लागि विशेष कारण देखाउँदै आइतबार जारी गरिएको सूचनामा निर्वाचन स्थगित भएको प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले जानकारी दिएका छन् ।

सभामुख घर्तीको अध्यक्षतामा अघिल्लो साता बसेको कार्यव्यवस्था परामर्श समितिको आठौं बैठकले यही पुस १६ गते विषयगत समितिको सभापतिको उम्मेदवारी दर्ता र १७ गते निर्वाचनको मिति तय गरेको थियो । तर प्रदेशसभा सचिव पुनले आइतबार जारी गर्नुभएको सूचनामा प्रदेशसभा कार्यव्यवस्था समितिको यही १७ पुसमा तोकिएको समितिका सभापतिको निर्वाचन स्थगित भएको जानकारी गराएका छन् ।

प्रदेशसभा सचिव पुनले समितिको निर्वाचनका लागि आवश्यक तयारी हुन नसकेका कारण एक सातालाई सार्न सभामुख घर्तीलाई मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र प्रमुख विपक्षीदलका नेता लिला गिरीले अनुरोध गर्नुभएकाले सभामुखको निर्देशनमा स्थगित गरिएको जानकारी दिए ।

प्रदेशसभामा प्रमुख विपक्षीदल नेकपा ( एमाले ) प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले प्रदेशसभामा समितिको नेतृत्व नहुँदा संसदीय प्रक्रियाका अधिकांश काम प्रभावित भएकाले आफूहरुले नेतृत्वको टुङ्गो लगाउन पहिलेदेखि नै माग राखे पनि सत्ता गठबन्धनकै कारण रोकिएको बताए । उनले समितिको नेतृत्वका लागि मितिसमेत तोकेर अन्तिम समयमा स्थगित गरिएकामा असन्तुष्टि जनाए ।

प्रदेशसभामा नेपाली कांग्रेस प्रमुख सचेतक जन्मजय तिमल्सिनाले समितिको निर्वाचनका लागि मिति तोकर अन्तिम अवस्थामा स्थगित हुनाका कारण आफूले बुझ्निनसकेको बताए । उनले निर्वाचनको तयारीका लागि प्रदेश राजधानी जाँदै गर्दा मुख्यमन्त्रीले हाललाई सभामुखसँग सल्लाह गरेर निर्वाचन स्थगित भएको जानकारी दिनुभएपछि मात्र आफूले जानकारी पाएको बताए ।

प्रदेशसभा निर्वाचन भएको एक वर्षभन्दा बढी भइसके पनि लुम्बिनी प्रदेशका संसदीय समिति अझै नेतृत्वविहीन छन् । लुम्बिनीमा अर्थ, उद्योग तथा पर्यटन समिति, प्रदेश मामिला तथा कानुन, सार्वजनिक लेखा, भौतिक पूर्वाधार तथा विकास, सामाजिक विकास र कृषि वन तथा वातावरण समिति छन् । प्रदेशसभाको ६ समितिमा लेखासहित दुईवटा समितिको सभापति प्रमुख प्रतिपक्षी दल एमालेलाई दिने र बाँकी सत्ता गठबन्धनले लिने विषयमा छलफल भएको छ । यद्यपि सत्तारूढ गठबन्धनभित्र कसले कुन समितिको नेतृत्व लिने भन्ने टुङ्गो लागेको छैन ।

प्रदेशसभाले गत असार ३० गते ६ विषयगत समितिका सदस्य चयन गरेको थियो । तर समितिका सभापति चयन नहुँदा समिति कामविहीन बनेका छन् ।

प्रदेशसभा सचिवालयका अनुसार अहिलेसम्म प्रदेशसभा सामाजिक विकास समितिको बैठकले स्वास्थ्यसम्बन्धी विधेयक छलफल गरेर संसद्मा पठाएको र प्रदेश मामिला तथा कानुन समिति र अर्थ, उद्योग तथा पर्यटन समितिले ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक बसेका थिए । प्रदेशसभा नियमावली २०७९ मा सभापति चयन नहुँदासम्म ज्येष्ठ सदस्यले बैठकको सभापतित्व गर्ने व्यवस्था गरेको छ ।

# बारूदी सुरूङ प्रतिबन्ध सन्धिमा पक्ष राष्ट्र बन्न आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । बारूदी सुरूङ प्रतिबन्ध सन्धी र 'क्लष्टर म्युनिशन' सन्धिमा नेपाल पक्ष राष्ट्र बन्न बारूदी सुरूङ प्रतिबन्ध अभियानले आग्रह गरेको छ । अभियानले आइतबार पत्रकार सम्मेलनमा आयोजना गरी हालसम्म बारूदी सुरूङ प्रतिबन्ध सन्धिमा एक सय ६४ र 'क्लष्टर म्युनिशन' सन्धिमा एक सय १२ राष्ट्रले पक्ष राष्ट्र भइसकेको जनाउँदै नेपालमा दीगो शान्तिका लागि यसको आवश्यकतामा जोड दिएको हो ।

अभियानका संयोजक पूर्णशोभा चित्रकारले मुलुकका शान्ति सम्झौतापछि पनि द्वन्द्वकालका विस्फोटक पदार्थका अवशेष रहेको र त्यसबाट मानवीय क्षति हुने क्रम नरोकिएकाले यसबाट महिला र बालबालिका बढी प्रभावित हुनुपरेको बताए ।

उनले विसं २०६८ जेठ ३१ मा 'नेपाल माइनमुक्त' घोषणा भएदेखि गत मङ्सिर ३० गतेसम्म माइन तथा विस्फोटक पदार्थमा परेर सुरक्षाकर्मी र सर्वसाधारणको गरी २१ को मृत्यु र एक सय चार घाइते भएको जनाउँदै पीडित हुनेमा ९० प्रतिशत सर्वसाधारण रहेकाले जोखिमको खतरा कायमै रहेको बताउनुभयो ।

विशेषगरी रोल्पा, हुम्ला, रूकुम, कालिकोट, लमजुङ, सुर्खेत, मुस्ताङ, रुपन्देही, दैलेख, सुर्खेत, बाँके, बैतडी, कैलाली, कञ्चनपुर, दाङ, सुनसरी, सप्तरी, झापा, ताप्लेजुङ, भक्तपुर, काठमाडौंलगायत जिल्लामा विस्फोटक पदार्थको अवशेषको खतरा रहेको संयोजक चित्रकारले जानकारी दिए ।

विसं २०६८ देखि २०८० सम्म एक हजार सात सय १८ विस्फोटक पदार्थ फेला परेको र सोमध्ये ३६ विस्फोटक पदार्थलाई नष्ट गरिएको तथ्याङ्क रहेको अभियानले जनाएको छ । सोहीअनुसार विसं २०७० मा तीन सय ८४, २०७४ मा चार सय ७९ र २०७९ मा दुई सय २८ विस्फोटक पदार्थ फेला पर्नुले यसबाट नागरिकलाई खतरा जारी रहेको पुष्टि गरेको संयोजक चित्रकारले बताए ।

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला सिरहा कल्याणपुर न.पा. वडा नं. ११, नगर कार्यपालिकाको कार्यालय अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८०/०९/०३ गते करिब दिउँसो ०३:३० बजे ज. १२. प ९०६० नम्बरको रातो रंगको ईन्जिन नं. CIH8202403 चेचिस नम्बर MD624HCI5J2HO2638 को TVS कम्पनीको Apache 150cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नोट** : फेला पार्नु महानुभावलाई रु. २१००० नगद उपहार दिइने छ ।

नामः गुलाम मंसुर
ठेगानाः जनकपुरधाम उ.म.न.पा.-५
मो.नं. ९८०४८८५३०५

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हुलाकी सडक खण्डअन्तर्गत पर्ने सिरहा-धनुषा जोडिने कमला पुल। पुल बन्न सुरू भएको १३ वर्ष भए पनि हालसम्म पुल बन्न सकेन। तस्विर : रासस

# बीमा गरेकाले उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु। स्वास्थ्य बीमा बोर्डले अब उपचारमा लाग्ने १० प्रतिशत रकम (सहभुक्तानी) बीमित बिरामीलाई तिराउने भएको छ।




बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८० ल्याएर स्वास्थ्य सेवा उपभोग गर्दा तोकिएको सेवाका लागि लाग्ने खर्चको १० प्रतिशत रकम सेवा उपभोग गर्ने व्यक्तिले तिर्नुपर्ने बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिईन्।

यसअघि बोर्डमा आबद्ध भएकाले कुनै रकम तिर्नु पर्दैनथ्यो। बीमितलाई रु एक लाख बराबरको उपचार खर्च बीमा बोर्डले व्यहोर्ने गर्दछ। उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई कम गराउन सहभुक्तानी प्रणाली लागू गरिएको बताए। "बीमितले अनावश्यकरुपमा स्वास्थ्य परीक्षण गराउन थाले", उनले भने, "त्यसलाई कम गरेर आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौं।" उहाँका अनुसार सहभुक्तानी प्रणाली आगामी माघ १ गतेदेखि लागू हुनेछ।

प्राथमिक स्वास्थ्य केन्द्र र २५ श्ययासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने उहाँको भनाइ छ। सहभुक्तानी प्रणाली सङ्घीय अस्पताल, २५ श्ययाभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल तथा सबै निजी एवं सामुदायिक अस्पतालमा लागू हुनेछ। गरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिर्नु नपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ।

बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाख मात्र सक्रिय रहेका छन्। विसं २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो। अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा बोर्डले रु एक लाखसम्म बीमित परिवारले निःशुल्क उपचार सेवा पाउने छन्।

# ५० करोड बढीको बजेट पारित गर्दै कमलाको नगरसभा सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको कमला नगरपालिकाले चालु आर्थिक वर्षकोलागि ५० करोडको बजेट ल्याएको छ। मधेश प्रदेशमा बजेट ल्याउन नसक्नेको सूचीमा रहेको कमला नगरपालिकाले जनप्रतिनिधिहरुबीच सहमति भएपछि बजेट ल्याएको छ।

कमला नगरपालिकाको पूर्व निर्धारित तिथि अनुसार पुस १५ गतेमै नगरसभा सम्पन्न गरेको छ। नगरसभाबाट ५० करोड २५ लाख ९४ हजार ६ रुपैयाँ बरावरको बजेट ल्याएको कमला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रले जानकारी दिएका छन्।

सो मध्ये वडास्तरीय बजेटमा १ करोड २५ लाख गरी ९ वटै वडालाई छुट्याइएको प्रमुख प्रशासकीय अधिकृत मिश्रले जानकारी दिए। उनका अनुसार ११ करोड २५ लाख रुपैयाँ वडाको सिलिँग गरिएको छ भने बाँकी बजेटहरु शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारमा राखिएको छ।

नगरसभाको लागि वडाध्यक्षहरुसँग मेयरको बजेट बाँडफाँटको कुरा नमिल्दा असार ९ भित्र सम्पन्न हुने नगरसभा ७ महिनादेखि अलपत्र परेको थियो। वडास्तरीय बजेट सिलिँग, हरहिसाबमै बाधा अडकाउ आएपछि नगरसभा हुन सकेको थिएनन्।

नयाँ प्रमुख प्रशासकीय अधिकृतको रुपमा मिश्र आएपछि उनले आएदेखि नै नगरसभाको लागि पहल थालेका थिए। जनप्रतिनीधिहरुबीचको आन्तरिक किचलो, समस्यालाई मध्यनजर गर्दै अधिकृत मिश्राले चौतर्फी जुक्ति लगाएपछि नगरसभा भएको छ।

नगरसभाको लागि नगर प्रमुख विशेश्वर यादवले समेत लचिलोपन देखाएपछि नगरसभा सौहार्द वातावरणमा सम्पन्न भएको छ। मेयरको लचकतापछि वडाध्यक्षहरुले नगरसभाको लागि तयार भएको बुझिएको छ।

नगर प्रमुख यादवको अध्यक्षता तथा ईलाका प्रहरी कार्यालय खजुरीका प्रहरी निरीक्षक राजकुमार भट्टको प्रमुख आतिथ्यमा सम्पन्न नगरसभामा प्रशासन शाखा प्रमुख वीरेन्द्र सढान, स्वास्थ्य शाखा संयोजक रामकुमार ठाकुर, जिन्सी शाखा प्रमुख युगलकिशोर यादव, रोजगार शाखाका चन्द्रप्रकाश यादव, कृषि शाखाका प्रमुख ओम नारायण यादव, लेखा शाखा प्रमुख संजीव महतो, शिक्षा शाखाका अमित जसवालसहित विभिन्न शाखाका अधिकृत, कर्मचारी, सचिव, ९ वटै वडाका वडाध्यक्ष, वडा सदस्यहरु, कार्यपालिका सदस्यहरुसहित विभिन्न राजनीतिक पार्टीका प्रतिनीधिहरुको समेत सहभागिता रहेको थियो।

# योग्य र लोकप्रियलाई उम्मेदवार बनाउने कांग्रेसको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा पार्टीका तर्फबाट उम्मेद्वार प्रस्तुत गर्दा पार्टीप्रति प्रतिबद्ध, स्वच्छ छवि भएका हालसम्म कुनै पनि अवसर नपाएका वा अवसरबाट वञ्चित भएका योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिने निर्णय गरेको छ।

साथै कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले राष्ट्रियसभाको निर्वाचनका लागि सत्तारूढ गठनबन्धनमा आवद्ध दलहरूको बीचमा हुने सहमतिका आधारमा साझा उम्मेदवार बनाउने निर्णय गरेको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक यही पुस १२ देखि १४ गतेसम्म भएको थियो।

बैठकका निर्णय सार्वजनिक गर्न आइतबार पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले बैठकले शान्ति प्रक्रियासँग सम्बन्धित बाँकी काम निष्कर्षमा पुऱ्याइ द्वन्द्वप्रभावित व्यक्ति र परिवारलाई न्याय दिलाउन विलम्ब गर्न नहुने निष्कर्षसहित यस प्रक्रियामा संलग्न सबैसँग साझा सहमतिको लागि अपिल गरेको बताए।

बैठकले गत मङ्सिर २९ गते बसेको कार्यसम्पादन समितिको बैठकद्वारा २०८० फागुन ७ देखि १० गते गर्ने भनि निर्णय गरिएको महासमितिको बैठकको मिति परिमार्जनलाई अनुमोदन गर्ने निर्णय गरेको छ। बैठकमा कांग्रेसका तर्फबाट सरकारमा सहभागी मन्त्रीद्वारा यो अवधिमा सम्पादित भूमिका एवं कार्यबारे बैठकलाई जानकारी गराएको उनले बताए।

बैठकमा बोल्ने केन्द्रीय सदस्यहरूले गएको एक वर्षमा विकास निर्माण, सुशासन,



रोजगार प्रवर्द्धन, समृद्धि, भूकम्प, बाढीपहिरो, ढुवान एवं अन्तर्राष्ट्रिय क्षेत्रमा भएको युद्धका कारण विपद्मा परेका नेपालीको उद्धार एवं राहतमा सरकारका कार्य सन्तोषजनक रहँदारहँदै पनि जनतामा उत्साह भर्न थप कार्य तीव्रगतिमा गर्नु आवश्यक भएको राय सुझाव तथा धारणा व्यक्त गरेका थिए।

कांग्रेसले मुलुकको आर्थिक, सामाजिक क्षेत्रमा सुधारका सङ्केत देखिएको उल्लेख गर्दै मुलुकको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा विकसित परिस्थितिलाई मध्यनजर गरी विशेषगरी रोजगारीका अवसर सिर्जना हुनेगरी आवश्यक प्रभावकारी नीति लिन सरकारसँग माग गरेको छ।

बैठकले शान्ति, सुव्यवस्थाको प्रत्याभूतिसँगै सुशासनका लागि प्रभावकारी नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। कांग्रेसले यही पुस १३ गते ललितपुरको बालकुमारीस्थित ईपिएस कार्यालय क्षेत्रमा भएको घटनाप्रति दुःख व्यक्त गर्दै उच्चस्तरिय न्यायिक छानबिन समिति गठन गरी घटनाको सत्यतथ्य पत्ता लगाई दोषीलाई कानुनी कारबाही गर्न माग गरेको छ।

यसैगरी रोजगारीकै लागि विदेश जाने प्रक्रियासम्बन्धी विवादवाट उत्पन्न आन्दोलनमा ज्यान गुमाएका परिवारका कम्तीमा एकजना सदस्यलाई स्वदेशमै उचित रोजगारी प्रदान गर्न र मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेको निःशुल्क उपचार गर्न बैठकले माग गरेको छ। बैठकले कतिपय सहकारीसँग कारोबार गरी पीडित भएका नागरिकबाट विभिन्न ठाउँमा आन्दोलन भइरहेको घटनाबारे सरकारको ध्यानाकर्षण गराउँदै सरकारले गठन गरेको उच्चस्तरीय संयन्त्रको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गरी पीडित जनतालाई न्याय प्रदान गर्न माग गरेको छ।

बैठकले संविधान कार्यान्वयनसँग जोडिएका र संविधानसम्मत् सङ्घीय निजामति ऐन, सङ्घीय प्रहरी ऐन, विद्यालय शिक्षा ऐन जस्ता पारित हुने प्रक्रियामा रहेका कानुन अविलम्ब पारित गराउन सरकारसँग माग गरेको प्रचार विभाग प्रमुख विश्वकर्माले जानकारी दिए।

'समुदायमा कांग्रेस' अभियान विविध कारणले समयमै सम्पन्न हुन नसकेकोले आगामी माघ ७ देखि २२ गतेसम्म केन्द्रीय प्रतिनिधि खटाइ सम्पन्न गर्ने बैठकको निर्णय छ।

यसैगरी बैठकले नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, नेपाल महिला सङ्घ, नेपाल किसान महासङ्घ, नेपाल लोकतन्त्रवादी आदिवासी जनजाती महासङ्घ र नेपाल लोकतान्त्रिक खेलकुद सङ्घको तदर्थ समितिको अवधि समाप्त भएकाले छ महिनाभित्र अधिवेशन सम्पन्न गर्ने गरी कार्यविधि थप गर्ने निर्णय गरेको छ।

कांग्रेसको तर्फबाट निर्वाचित जनप्रतिनिधिको काम कारबाहीलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय गर्न केन्द्रीय कार्यसमितिले एक केन्द्रीय संयन्त्र गठन गर्ने निर्णय गरिएको छ। कांग्रेसका संस्थापक नेता, जननायक बिपी कोइरालाले विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्कनु भएको दिनलाई यसवर्ष लोकतन्त्र प्राप्तिका भएका आन्दोलनमा योगदान गरेका तथा वृहत शान्ति सम्झौताका पक्षधर विभिन्न राष्ट्रिय राजनीतिक दलका शीर्ष नेताको विशिष्ट आतिथ्यतामा भोलि पुस १६ गते नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरेको छ।

कांग्रेसले जाजरकोट भूकम्प पश्चात बलियो र दरिलो पुनःनिर्माणका लागि तीनै तहका सरकारको समन्वयमा आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता औल्याएको छ।

# छानबिनका लागि उच्चस्तरीय आयोग गठन हुने

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले ललितपुरकोबालकुमारीमाशुक्रबार घटेको घटनाको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्ने भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'



ले आयोग गठनका लागि उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई आइतबार सो निर्देशन दिएका हुन्। गृहमन्त्रालयले सोसम्बन्धी प्रस्ताव तयार पारेर मन्त्रिपरिषद्मा पेश गर्नेछ।

सोमबार बिहान बस्ने मन्त्रिपरिषद्को बैठकले आयोग गठनसम्बन्धी औपचारिक निर्णय गर्ने भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जानकारी दिए। जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा २ बमोजिम आयोग गठन हुने उनको भनाइ छ। आयोगले सोमबारदेखि नै काम गर्नेछ।

मन्त्री ज्वालाले पूर्वन्यायाधीशको संयोजकत्वमा न्यायिक छानबिन आयोग गठन गर्ने जानकारी दिए। उनले भने, "प्रधानमन्त्रीले आवश्यक निर्देशन दिइसकेका छन्। सोमबार बस्ने मन्त्रिपरिषद्को बैठकले यसबारेमा आवश्यक निर्णय गर्नेछ।" बालकुमारी घटनामा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो। साथै मन्त्री प्रकाश ज्वाला सवार सवारी साधनमा आगजनी भएको थियो।

गृहमन्त्रालयले सोही दिन नै सो घटनाको छानबिनका लागि एक समिति गठन गरिसकेको छ। सरकारले शनिबार मात्रै ललितपुरका प्रहरी प्रमुख, ललितपुरका प्रमुख जिल्ला अधिकारी र इपिएस कोरिया शाखाका प्रमुखलाई छानबिन नसकिँदासम्मका लागि निलम्बन गरिसकेको छ।

# अग्रवाल प्यानलसहित निर्वाचित



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल औषधि व्यवसायी संघ धनुषाको अध्यक्षमा प्रमोदकुमार अग्रवाल प्यानलसहित निर्वाचित भएका छन्। शनिबार भएको जिल्ला अधिवेशनबाट संघका पूर्व महासचिवसमेत रहेका अग्रवालसहित सम्पूर्ण प्यानल निर्वाचित भएका छन्।

नवनिर्वाचित अध्यक्ष अग्रवाललाई एक सय ४६ मत आएको छ भने निकटतम प्रतिद्वन्दी मनोजकुमार साहलाई ८५ मत प्राप्त गरेका छन्। त्यस्तै वरिष्ठ उपाध्यक्षमा राजकिशोर साह, उपाध्यक्ष (थोक विक्रेता) सन्तोष कुमार साह, उपाध्यक्ष( खुद्रा विक्रेता) रामनाथप्रसाद साह, महासचिवमा डा. सरोजराय यादव, सचिवमा मनीशंकर प्रसाद साह, कोषाध्यक्षमा चन्द्रभुषणप्रसाद साह, सहकोषाध्यक्षमा विनोद पँजियार निर्वाचित भएका छन्।

त्यस्तै सदस्य (थोक विक्रेता) प्रमोदकुमार ठाकुर, सदस्य (खुद्रा विक्रेता) जयशंकर साह, सदस्य मनोहर ठाकुर, संजय जलान, धैर्यकान्त झा निर्वाचित भएका छन्।


**वर्ल्ड एजुकेशन एण्ड हेल्थ डेभलप्मेन्ट प्रा.लि.**
**जनकपुर शाखा कार्यालय, थापाचौक**

**कर्मचारी आवश्यकता सम्बन्धी सुचना**


वर्ल्ड एजुकेशन एण्ड हेल्थ डेभलप्मेन्ट प्रा.लि. को जनकपुर शाखामा शैक्षिक दर्ता कार्यक्रममा धनुषा जिल्लाका नगरपालिका वा गाउँपालिकाका बच्चाहरु शिक्षाबाट बन्चित नहुनकालागि कम्पनिबाट कपी, किताब, स्कुल ड्रेश, स्कुल शूल्क, भर्ना शूल्क, जस्ता सेवाहरु पुऱ्याउनको लागि कर्मचारीहरु आवश्यकता भएका हुदा यस जनकपुर शाखामा मिति २०८०/०९/०५ को निर्णय अनुसार खुल्ला प्रतिस्पर्धाबाट कर्मचारीहरु छनौट गर्न यो सुचना प्रकाशन गरिएको छ। सुचना प्रकाशन भएको मिति ले १५ दिनभित्र आवश्यक कागजात सहित जनकपुर शाखामा दरखास्त पेश गर्न यो विज्ञापन गरिएको छ।

| क्र.सं. | पद | पद संख्या | शैक्षिक योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|
| १ | क्षेत्र परिवेक्षक | ४० | +२ उत्तिर्ण वा सो भन्दा माथि उत्तिर्ण भएको | | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| २ | फिल्ड प्रतिनिधि | ४० | SLC/SEE, +२ उत्तिर्ण वा सो भन्दा माथि उत्तिर्ण भएको | | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| ३ | एच.आर. | १ | स्नातक उत्तिर्ण गरेको | | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |

**सेवा सुविधा** : एच.आर.पदको न्युनतम तलब रु.३५,००० देखि रु.४०,००० सम्म, क्षेत्र प्रतिनिधि र फिल्ड प्रनिनिधिपदको न्युनतम तलब रु.३०,००० देखि रु.४०,००० सम्म
**छनौट विधि** : प्रयोगात्मक र अर्न्तवार्ता बाट
**निवेदन संग पेश गर्नु पर्ने कागजातहरू** :
- नेपालीनगरिकताको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- अनुभव प्रमाण पत्रको प्रतिलिपि,
- ३ प्रति फोटो

**दरखास्तदिने अन्तिम मिति** : २०८०/०९/३० सम्म
**दरखास्त दिने स्थान** : जनकपुर शाखाकार्यालय, थापाचौक
**विज्ञापन दर्ता शूल्क** : रु.१०००/-
**कार्यालय सम्पर्क नं.** : ०४१-५९१७५०, ९८१५८८६७४८, ९८१७८३२१०६

**विभागिय प्रमुख**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### शीर्ष नेताका कारण संघीयता धरापमा

नेपालमा संघीय शासन प्रणालीको अभ्यास भएको झण्डै ८ वर्षमा निर्वाचित दोस्रो प्रदेश सभाको कार्यकाल चलिरहेको छ । दोस्रो कार्यकालको झण्डै १ वर्ष बित्न पनि लागेको छ । प्रदेश सरकारले काम गर्न सके नसकेको भन्दा प्रदेश सरकारले संविधान प्रदत्त अधिकार पाए कि पाएनन् ? त्यो महत्वपूर्ण विषय हो । नेपालमा ७ वटा प्रदेश छन् । तर सातवटै प्रदेशले संघीय सरकारविरुद्ध एकजुट भएर आन्दोलन गर्ने चेतावनी पटक-पटक दिदै आएका छन् । विगतको प्रदेश सरकारहरुले पनि संघीय सरकारलाई पटक-पटक आन्दोलनमा जाने धम्की दिएका थिए । वर्तमान प्रदेश सरकार हरुले पनि संघीय सरकार विरुद्ध आन्दोलनमा उत्रने धम्की दिन थालेका छन् । एक वर्षको कार्यकालमा मुख्यमन्त्रीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' सित दर्जन भन्दा बढी पटक भेंटेका छन् । हरेक भेंटमा संविधानले प्रदेशलाई दिएको जिम्मेवारी निर्वाह गर्ने अधिकार हस्तान्तरण गर्न माग गरेका छन् । प्रदेश सरकारहरुले प्रहरी प्रशासनको समायोजन, निजामती सेवा ऐनको संशोधन, संघीयताको सबलीकरण लगायतका मागहरु राख्दै आएका छन् । प्रदेशमा शान्तिसुरक्षाको जिम्मेवारी प्रदेश सरकारको हुने संविधानमा नै उल्लेख गरिएको छ । तर वर्तमान अवस्थामा प्रदेशका मुख्यमन्त्री र गृह मन्त्रीको सुरक्षाको जिम्मेवारी संघीय सरकारले वहन गरिरहेको छ । प्रदेश सरकारले शासन त गरिरहेको छ । तर प्रशासन बिनाको शासन हो । विष नभएको सर्पबाट कोही डराउँदैनन् । प्रदेशहरुमा शान्तिसुरक्षाको अवस्था कमजोर छ । त्यसको जिम्मेवारी लिने आधार प्रदेश सरकारसित छैन् । संघीय सरकारको नेतृत्वगर्ने ठूला दलका शीर्ष नेताहरुले प्रदेश सरकारलाई संस्थागत रुपमा काम गर्ने वातावरण बनाउन चाहेका छैनन् ।विगतमा जस्तै गृह प्रशासन आफ्नो हातमा राखेर सत्ताको अभ्यास गर्ने प्रवृत्तिबाट देशका सबै दलका शीर्ष नेताहरु मुक्त हुन सकेका छैनन् ।हुनत अब देशमा कोही मधेशवादी दल रहेनन् । तर संघीयताको पक्षधर मात्र नभइ जन्मदाता नै रहेको दावी गर्ने प्रधानमन्त्री प्रचण्ड पनि संस्थागत हुन दिने पक्षमा देखिएका छैनन् । देशमा संघीयताविरोधी गतिविधि तीव्र रुपमा अगाडि बढेको छ । प्रदेश खारेज गर्नुपर्ने, हिन्दू राष्ट्र घोषणा र राजतन्त्र बहालीका पक्षधरहरु धेरै कमजोर होइनन् । उनीहरुले जनताको भावना बुझेर नै अगाडि बढन थालेका छन् । संघीयताविरोधी वातावरण तयार हुन नदिन देशमा सुशासन र प्रदेश सरकारलाई सबल बनाउनु आवश्यक छ ।शीर्ष नेताहरुले गम्भीर भएर सोच्नु पर्छ ।

# नारा अन्तरराष्ट्रियताको तर ब्यरवहार सकिर्णताको



श्रीमन नारायण

राज्यका लागी सार्बभौमसता आवश्यक छ तर राष्ट्र मनोभाव हो । त्यस्तो भावना धर्म, भाषा एवं सांस्कृ तिक एकताद्धारा हुन्छ । राज्य बन्न का लागी सरकार आवश्कर छ तर राष्ट्र भनेको सरकार र राज्यभन्दा माथिको विषय हो, राष्ट्रि यताको अवधाणमा निर्जिव बस्तुहरुको महत्व ठान्ने हरु तानाशाह प्रवृतिका हुन्छन् । कम्युनिष्टहरुको राष्ट्रमवाद यस्तै प्रवृतिको हुन्छ । एकता भन्दा पनि एकरुपतामा विश्वापस गर्नेहरु तानाशाह प्रवृतिका हुन्छन । चीनमा एकरुपताको कुरा गरिन्छ । राष्ट्रि यता बलियो केवल समरुपताबाट मात्रै सम्भनव छ । विविधतालाई रार्ष्ट्रिय एकतामा रुपान्तरण गर्न सकिएमा मात्रै राष्ट्र निर्माण कार्यले मुर्त रुप लिन सक्छ । नेपालमा राष्ट्रवादलाई ब्यक्तिगत दलगत वा समुहगत लाभको आधारमा प्रयोग भइरहेको छ तर यसलाई बलियो बनाउने काम नै भएन ।

नेपालमा जातिय राष्ट्र्वादको नारालाई अघि सार्ने काम माओवादीले गरेको थियो । उसलाई थाहा थियो कि राष्ट्र वाद आफ्नो पहिचान, भाषा, संस्कृति, भौगोलिक एवं ऐतिहासिक विशिष्टतामा तथा समान मनोविज्ञानका कारण राष्ट्र तथा परम्परा एक परिस्थिकतिजन्यम भावनात्मचक रुपबाट बाँधिएको हुन्छ । माओवादीले एकै साथ विश्वथ भरिका सर्वहारा र मजदुरहरुको भ्रातृत्वकको कुरा पनि गर्योएक र आफुलाई अन्तरष्ट्रि यता बादको समर्थक पनि बताउने कोशिश गर्यो । जवकी देश भित्र भाषा, संस्कृाति, क्षेत्र जाति र वर्गलाई आफ्नो जातिय पहिचानका लागी संघर्ष गर्न हतियार उठाउन अभिप्रेरित पनि गर्यो् अर्थात जातिय पहिचानलाई उचाल्नेह काम गर्थ्योम । देश भित्रका केही वर्गलाई आफ्नो शत्रुको रुपमा पनि परिभाषित गर्योग। अर्थात माओवादी सहितका नेपाली कम्युनिष्टहरु यसमा स्विय भ्रमित हुन र जनतालाई पनि भ्रममा राख्नो चाहन्छन् ।

राष्ट्र्ष सर्बोपरि निष्ठा हो । जनताको सामुहिक अनुभुति हो । यस अनुभुतिको मुलाधार मातृभुमि र आपसी प्रेम सदभाव, एतिहासिक र परस्पअर सहयोगको भावना एवं धर्म तथा संस्कृमति हो । यस सहज अनुभुतिको अभिब्यक्ति नै राष्ट्र वाद हो । राष्ट्रि यता एक संवेदनशील निजी र सामुहिक भावना हो, जसले निश्च्ति भूभागमा रहेको विभिन्नत समुदायका देशप्रति एकिकृत सदभावना र गौरव ब्यक्त गर्दछ । राष्ट्र्वाद नै, राष्ट्रि यता भएकोले हाम्रो जस्तो विविधताले भरिएको देशमा राष्ट्रकवादको परिभाषा पनि सोही अनुसारको हुनुपर्छ । अतीत र वर्तमानको वास्तविकता तथा भविष्य महत्वा काँक्षाका लागी सर्वनिष्ठ सरकार साझा, स्वातर्थ राष्ट्रयको छविका बारेमा नागरिकहरुको मनमा समवेत भाव नै राष्ट्रकवाद हो ।

> खुसी र सुख कसरी प्राप्त हुन सक्दछ भने शास्वित प्रश्नको जवाफ न मार्कसवाद भित्र छ, न त पुजीवाद मै छ यसको निम्तिभ उपरोक्त दुईटै सिद्धान्त अपर्याप्त छन् । तसर्थ उपरोक्त दुई किताको वरिपरि घुमिरहनुको कुनै अर्थ छैन । एआई लगायतका तत्वहरुसित आउने चौथो औद्योगिक कान्त्रिले काम न लाग्नेन मानिसहरुको भीडलाई थुपार्ने निश्चित छ । यो पनि नयाँ चुनौती हुनेछ ।अन्तरराष्ट्रिय भ्रातृत्वको नारा लगाउनेको मनमा संकिर्णता हुनु दुर्भाग्यरपूर्ण हो ।

कम्युनिष्टहरुको बैचारिक धरातल निकै कमजोर हुने गर्दछ । साम्यववादीहरु स्वययमा पनि भ्रममा बाँचेका हुन्छन, आफ्ना समर्थकहरुलाई यस भ्रममै राख्नक चाहन्छन् । कम्युनिष्टहरु अनत्तराष्ट्रियताको गीत गाउँछन, विश्व्का सर्वहारा र मजदुरालाई एकजुट हुन आहवान गर्दछन् तर देशभित्र बहुराष्ट्रियताको आगो पनि सलकाउँछन् । जाति? क्षेत्र, सम्प्रतदाय, वर्ग, लिङ्ग, र भाषाको नाममा बहुराष्ट्रको वकालत गर्दछन । अत्यन्त संकिर्ण राष्ट्रनवादको नारा लगाउनमा पनि यिनीहरु खपिस हुन्छन । मार्कसवाद लेनिनवाद माओवादी विचारधाराको नारा लगाउने ब्यक्ति वा गुट कति बेला जातिवाद भाषमा फस्छान्, अनुमान लगाउने गाह्रो हुन्छ। नेपालका कम्युनिष्टहरु त राजा महेन्द्राको पंचाषतकालिन राष्ट्रावादलाई नै आफ्नो प्रमुख राजनीतिक अस्त्र बनाउँदै आएका छन् । नेपालका कम्युनिष्टहरुको राष्ट्रववाद, पंचायतको मण्डनले राष्ट्रनवादको नयाँ स्वदरुप हो भन्दा अतिस्योक्ति न होला ।

बैदिका दर्शनको मुल धारलाई हेर्यौप भने यसको मुख्य विशेषता ब्यावहारिकता प्रायोगिकता क्रियात्मुकता हो . वेदका क्रियाहरुको अनुशीलन गर्ने हो भने सहजै देखिन्छ, क्रिया हो । दर्शनको मुख्य उद्देश्य जीवनका ब्यावहारिक प्रायोगिक समस्याहरुको समाधान नै हो । जीवन त्रिआयामी (आधिभौतिक, आधि दैविक, आध्यात्मिक) एंव त्रिशरीरी (स्थुनल सक्ष्म , कारण) मानिएको हुनाले दर्शनको अन्तर्वस्तुक पनि सोही अनुसार ब्याप्त रहेको हुन्छ । बैदिक परिप्रेक्ष्मकमा दार्शनिक जिज्ञासाको अर्थ ज्ञानको लागि ज्ञान होईन, सुखका लागी हो । परमसुखकै नाम मोक्ष हो । आश्चर्य वा उत्सुकतावस, गरिने अभ्यासलाई भन्दा वैदिक परम्परा सोद्देश्यम गरिने संवाद (उपनिषदको जस्तो) एंव शास्तार्थलाई महत्व दिनुको ताप्र्यर्य के हो भने विद्धानहरुले आंङ्कलन गरेका चुनौतिहरुको ब्यवहारिक समाधान गर्न दर्शनले सक्नु पर्छ ।

राष्ट्रियता भित्र न अलमलिएर अन्तरराष्ट्रिय बन्धुत्वलाई अपनाउनु पर्छ भन्नेन श्रे को होर्भातको लेखाई पद्दान प्रियकर भएता पनि त्यो मार्गमा कसरी बढ्नन सकिने भन्नो समाधान पश्चितमा ज्ञान पद्यतिभित्रबाट मात्र खोजेर पाइनेवाला छैन । यसको निम्ती पूर्वीय दर्शनको सहयोग लिनेपर्छ तथा सर्बे भवन्त सुखिन को कल्यामैयी भावना, सनातन चिन्तन पद्यतिमा मात्रै पाउन सकिन्छ ।

हामीसंग जुन राष्ट्रा-राज्य सिद्धान्त छ, त्यो पश्चिममा आफै नपुगिसकेको हुनाले आज पश्चिसमेली बुद्धिजिवीहरु राष्ट्र वाद र राष्ट्रि य पहिचान वीचको फरक छुटयाने कार्यमा लागेका छन र कथित राष्ट्र वाद खराब तर राष्ट्रिषय पहिचानको वकालत गरिरहेका छन् । देशभक्ति र राष्ट्रवादको आफु अनुकुल परिभाषा गर्नेहरु विश्वकमा धेरै छन् । यहुदी र प्यालेष्टिनी, सिंहली र तमिल, अनेक राज्यमा बाँडिएका कुर्दिस, संसारभरी शासन गर्ने मनसाय बोकेका खलिफा सहितको इशलाम खिलाफत (क्यालिफेट) का जेहादीहरु पनि यसै कारण फैलिएका छन् । अनेकौ देशमा कथित राष्ट्रएवादहरु चुनाव जित्नुदको एउटा ठुलो कारण पनि यहि राष्ट्रौवाद र राष्ट्रियय पहिचानको संकिर्ण नारा नै हो । घृणा, द्धैष, पूर्वाग्रह एंव प्रतिशोधमा आधारित नकारात्मिक भाव कमजोर राष्ट्र वादको पहिचानको हो ।

उत्तर संरचनावाद, विनिर्माणवाद, उत्तर आधुनिकतावाद वा अरु जे केही संज्ञा राखेर आएका होईन, तिनीहरुको धरातलिय यथार्थ भनेको पुंजीवादकै मतियार हुन नेपालका कम्युनिष्टहरु पनि । नव मार्क्सतवाद समाजवादका पक्षमा रहेको दावी गरिए पनि यर्थाथमा केवल नारामा मात्रै मौलिकता देखाउने, सर्वहारा र मजदुरको भलो चिताउने रुपमा भएको जस्तो देखाउने, अभिनय गर्ने बाहेक सामाजिक, सांस्कृतिक, आर्थिक संरचनामा पूजीवादकै सेवा गरिरहेको अहिलेको हाम्रो अवस्था हो । पुजीवाद वा समाजवादको अलग-अलग किता हाम्रो देशमा होईन । एउटा मात्र पुँजीवाद कायम रहेको छ । नेपालका राजनीतिज्ञहरु बामपन्थी होईन वा मधेशवादी सबैको राजनीति निर्लज्ज। उपभोक्ता वादी मताग्रहका अनुयायी प्रवर्धकहरुको रुपमा स्थातपित भएका छन् । तसर्थ पूंजीवादी वा मार्कसवादी किताको रुपमा फरक गर्नुपर्ने कुनै कारण र अवस्था नै छैन ।

स्थि।तिगत्मावत्कर प्रगतिवादको चिन्तनमा आउनुभन्दा पहिले त दार्शनिक, बैचारिक, समाजशास्त्री य पूर्वाग्रहहरुको जुन अवान्छित पर्खाल खडा गरिएको छ, त्यो पर्खाललाई न ढालीकन नेपाली जनताको हितमा काम हुन सक्दैन । खुसी र सुख कसरी प्राप्त हुन सक्दछ भने शास्वित प्रश्न को जवाफ न मार्कसवाद भित्र छ, न त पुजीवाद मै छ यसको निम्तिभ उपरोक्त दुईटै सिद्धान्त अपर्याप्त छन् । तसर्थ उपरोक्त दुई किताको वरिपरि घुमिरहनुको कुनै अर्थ छैन । एआई लगायतका तत्वहरुसित आउने चौथो औद्योगिक कान्त्रिले काम न लाग्नेन मानिसहरुको भीडलाई थुपार्ने निश्चित छ । यो पनि नयाँ चुनौती हुनेछ ।अन्तरराष्ट्रिय भ्रातृत्वको नारा लगाउनेको मनमा संकिर्णता हुनु दुर्भाग्यरपूर्ण हो ।

# नेपाली युवा किन विदेश पलायन हुन्छन् ?



रजनिश कुमार साह





युवा शक्ति राष्ट्रको महत्वपूर्ण सम्पति शक्ति हो । अन्य विकासन्मुख मुलुकहरुमा जस्तै नेपालमा पनि युवाहरुको अवस्था अवश्य पनि सन्तोषजनक छैन । त्यहि असन्तोषका कारण नै हाम्रा युवाहरु विदेश मोहमा फसेका हुन् । किनभने यहाँ चाहे जस्तो काम र दाम पाउन सकेका पनि छैनन् । हामी युवाहरुलाई जानेको, सिकेको र भएको काम गर्नलाई संकोचसँगै लाज पनि लाग्दछ । तर विदेशमा भने जस्तो पायो त्यस्तै अर्थात जहाँ मोटो रकम हात पर्दछ, त्यो काम गर्न कति पनि संकोच छैन । कसैले या आफन्तहरुले के काम गरिन्छ हौ उतातिर, भनेर सोधिहाल्यो भने त्यस्तै सानोतीनो काम गरिन्छ भनेर टारिदिन्छन् ।

गाउँमा घरमा उमेर पुगेको छोरो त्यतिकै बसिराख्या छ भने त्यो युवक नामर्द र नालायक कहलिन्छ र विदेश जान नसक्ने हुत्तिहारा ठहरिन्छ । र पनि युवाहरुको विदेश जानका लागि होडबाजि नै चल्दछ । नेपाली युवाहरु हरेक वर्ष ठूलो संख्यामा रोजगारीका खोजिमा श्रमबजारमा प्रवेश गरिरहेका छन् । यो मुलुकका लागि ज्यादै नै चुनौतिको विषय हो ।

अहिलेको युवा पुस्ता अध्ययन या कामदार भिसामा बाहिर जाने प्रवृत्ति बढ्दो छ । आजको सबैभन्दा चिन्ताको विषय विद्यार्थी वा अध्ययन भिसाको लहर हो । अर्को भाषामा भन्दा हाम्रो चुनौती भनेकै प्रतिभा पलायन वा ब्रेनड्रेन हो । आज प्रत्येक विद्यार्थी १२ कक्षासम्म मात्र नेपालमा पढ्न चाहन्छ र १२ पास गर्नासाथ विदेश पढ्ने तयारीमा हिँडेको देखिन्छ । हाम्रा विद्यार्थीले अध्ययन भिसासँगै ग्रिनकार्ड र पिआरको सपना बोकेका छन् ।

नेपाल त कहिलेकाहीँ चाडपर्वमा घुम्न आउने भूमिका रूपमा उनीहरूले प्रयोग गर्ने सपना बुन्दै छन् । यो विदेश पलायनको लहर वा तरङ्ग रोकिएन भने आगामी १० वा १५ वर्षपछिको अवस्था कस्तो होला ? कतै विदेश मात्र जान खोज्ने छोराछोरी जन्माएर हामीले गल्ती त गरेनौं ? होइन भने आजभोलि त हामी पनि विदेश जान चाहने भएका छौं । छोराछोरीसँगै विदेश गएर बुढेसकालमा आनन्द लिन पाए भन्ने लत हामीमा पनि लागेको छ ।जीवन त्यस्तो सोचे जस्तो कहां सजिलो छ र विदेशको । खाडी मुलुकको कथा आफ्नै छ । कुनै पनि देश जानु भन्दा अगाडि त्यहांको वस्तु स्थिति, हावा पानी, सामाजिक अनि सांस्कृतिक रहनसहन, नियम कानुन जान्न एकदम जरुरी हुन्छ । कसैको लहैलहैमा वा बकम्फुसे गफको पछि नलागी इन्टरनेटको दुनियांमा आफैंले अनुसन्धान गरेर वास्तविकता के हो बुझेर आउंदा फलदायी हुन सक्छ । आफू भन्दा दिग्गज् जसलाई वास्तविकता थाहा छ ती साथीहरूबाट उचित परामर्श, सुझाव सल्लाह लिएर चालेको कदम नै उचित हुन्छ ।

विद्यार्थी भिजामा आउंदै हुनुहुन्छ भने आउनु अगाडि कलेज वा विश्व विद्यालयबारे राम्रोसंग बुझेर आउंदा दुःख पाइन्न । भिजा लगाउनु वा आउनु ठूलो कुरा होइन । यहां आइसकेपछि आइपर्ने वाधा अड्चन मुख्य हुन जान्छ । कलेजको चर्को फि तिर्ने कसरी ? कस्तो काम गर्ने, काम पाउने सम्भावना के कति हुन्छ, वैधानिक रुपमा साताको कति घन्टा काम गर्न पाइन्छ, बस्ने ठाउं कस्तो छ, खानपिन र बसाईमा कति खर्च लाग्छ, यस्ता यावत विषयमा जानकार हुन जरुरी हुन्छ । यति मात्र नभएर तपाईं पढ्न आउनु भएको विषयको स्कोप के कति छ, पिआरको सूचीमा छ कि छैन् त्यो बुझ्न महत्वपूर्ण हुन्छ ता कि तपाईंले गरेको खर्च भोलि गएर बालुवामा पानी जस्तो नहोस् ।

यस्तो छ, आजका नेपाली युवावर्गको विदेश पलायनको यथार्थ । चालीस-पचास लाखको सम्पत्ति देखाएर विदेश पुगेका युवाहरू किताब र क्याम्पसमा होइनन्, काम र दाममा आफ्नो सबथोक देख्छन् । घरमा सामान्य काम पनि नगरेका ती युवा त्यहाँ गएर के काम गर्छन्, कसैलाई थाहा छैन । जानेहरू यो काम गर्छौं भनेर कसैका सामु भन्दैनन् । विदेशको परिवेशमा भाग्य खोज्न विवश नेपाली युवाको भविष्यले कस्तो फल दिन्छ ? यसको सहजै आकलन गर्न सकिन्न ।

त्यस्तै, बिदेसिने युवामा त्यहाँ गएपछि विवाह गर्ने ट्रेन्ड पनि चलेको छ । हाम्रो छोराले त उतै बिहे गर्यो नि ! यस भनाइमा हाम्रो समाजमा भइरहेको परिवर्तनको यथार्थ लुकेको छ । हिजो झ्याइँझ्याइँ बाजा बजाएर बुहारी भित्र्याउने समाज वा छोरी अन्माउने समाज आज सात समुद्रपारिको विवाहलाई सामाजिक सञ्जालमार्फत मान्यता प्रदान गरिरहेको छ ।नेपाल र नेपाली माटोमा रहेको अद्वितीय शक्तिका कारण जस्तोसुकै महाप्रलयमा पनि नेपाली शानका साथ बाँचिरहेका हुन्छन् । हामीसँग के छैन ? सगरमाथाको देश, ऋषिमुनिहरुको तपोवन, भगवान् गौतमवुद्धको जन्मस्थल लुम्बिनी, जनकपुरधाम, मुक्तिनाथ, पाणिनी, वेद व्यास लगायत पूर्वीय संस्कृतिको उर्वरभूमि नेपाल मै छन् । नदीनाला, वनजंगल फरक फरक प्रकृतिको हावापानी आदि इत्यादि नेपालको वर्णन गरेर नसकिने विषयवस्तु हुन् ।


युवालाई देशभित्रै आकर्षित गर्ने दोस्रो विधि हो स्वरोजगार । स्वरोजगारमा लगानी गर्ने राज्यको नीति नै छैन । कृषि, पर्यटन, जडीबुटीमा प्रशस्त अनुदान दिने हो भने नेपालमा राम्रो भविष्य बन्न सक्छ । उत्पादनमा राज्यको लगानी नै छैन । उत्पादन र वितरणमा राज्यको लगानी हुन आवश्यक छ । त्यस कारण आजको मुख्य प्रश्न यो छ कि के हामी युवालाई देशभित्रै आकर्षित गर्न सक्छौं ? युवालाई देशभित्र आकर्षित गर्ने रणनीति बनाउनेतर्फ हामीले सोच्नु पर्छ । देशभित्र युवालाई प्रशस्त अवसर प्रदान गर्ने रणनीतिको आवश्यकता छ । यसका लागि पहिलो कुरा देशभित्रै रोजगारीको ग्यारेन्टी गर्न सक्नु पर्छ

नेताहरु राजनीतिक भाषणमा नेपाललाई विश्वकै स्तरमा भाषण गरिरहने तर उनैका छोराछोरी र नातिनातिनाहरु अध्ययन गर्न, उपचार गर्न, रोजगारीको लागि विदेश जाने परिपाटीले दोहोरो चरित्र प्रदर्शन भइरहेको छ ।ऊर्जाशील नागरिकलाई फ्री भिसामा विदेश पठाउने भनेर सगर्व बताउँछन ।नेपालबाट दैनिक झन्डै ७०० युवा कामको खोजीमा बाहिरिन्छन भन्नेकुरा हामीले विभिन्न पत्रपत्रिका र रेडियो मार्फत पढदै र सुन्दै आएका छौं । यसरी स्वदेशमा काम नपाएर बिदेशीएका झन्डै ३० लाख युवाले भित्राउने अरबौ रुपियाँको रेमिट्यान्सले नेपालको अर्थतन्त्र धानिएको छ भन्नेकुरा हामी सबैलाई बिधितै छ ।

नागरिकहरु ऋणधन गरेर भए पनि विदेश नै जान चाहन्छन् । सानोतिनो व्यापार व्यवसाय गरेर नेपालमै बस्छु, नेपालको विकास गर्छु, सरकारलाई कर तिर्छु भन्ने भावना जागृत हुनको लागि स्थानीय किसिमको राजनीतिक वातावरण, उद्योग तथा व्यवसायमैत्री कानुन हुन जरुरी छ । नेपालमा व्यापार, व्यवसायमा लगानी गरेमा डुब्छ वा फाइदा हुँदैन त्यहीं पैसा विदेश जान लगानी गरे अवश्य कमाइन्छ भन्ने भावनाले काम गरिरहेको छ ।अहिले देशको विकास र अर्थतन्त्रमा ठूलो संकट निम्तिरहेको छ । वित्तीय संस्थाहरु डुबिरहेका छन्, कति डुब्ने अवस्थामा छन् । बजारमा मन्दी छाइरहेको छ । घरजग्गा, गाडी र सेयरको किनबेचमा पूरै गिरावट आइसक्यो ।शैक्षिक संस्थाबाट उत्पादन भएका विद्यार्थीहरुले रोजगार गर्ने ठाउँ छैन् । सरकारले रोजगार सिर्जना गर्न सकेको छैन् । स्वरोजगारको निम्ति लगानी गर्ने वातावरण छैन् । फलस्वरुप शैक्षिक संस्थाहरु शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना जस्ता भएका छन् । यो शैक्षिक संस्थाहरुको दोष होइन, राज्यको दोष हो ।

विकसित देशहरुमा अध्ययन गरिरहेका विद्यार्थीले साताको केही निश्चित समय काम गर्न पाउँछन् । बिदाको समयमा पूरा काम गर्न पाउँछन् । यसले गर्दा विद्यार्थीले आर्थिक उपार्जन गर्न सक्छन् । विदेश अध्ययन गर्न गएका विद्यार्थीहरुको दुई चार वर्षपछि शैक्षिक योग्यतासँगै आर्थिक हैसियत पनि राम्रो भएको देखिन्छ तर नेपालमा शैक्षिक योग्यताअनुसार रोजगार नपाएर बेरोजगार भएर बसेका छन् ।

युवा जनशक्ति पलायन रोकेर देशमै उद्यमशीलता र रोजगारीको मार्ग प्रशस्त गर्न प्राविधिक शिक्षाको विकास र विस्तार अपरिहार्य छ । सरकारले प्राविधिक शिक्षाको विकासका लागि ध्यान दिनुपर्ने अहिलेको आवश्यक पनि हो । नेपालमा प्राविधिक शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न नेपाल सरकारले केही महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।विश्वका विकसित राष्ट्रहरू आफ्ना जनशक्तिलाई बौद्धिक, सीपयुक्त र कर्मशील बनाउने कुरामा संवेदनशील हुन्छन्। सोहीअनुसार छोटो तथा लामो अवधिका शैक्षिक तथा प्राविधिक शिक्षा तथा तालिमको विकासमा देशको पुँजी लागानी गर्छन्। त्यतिमात्र होइन वैदेशिक जनशक्तिलाई आकर्षित गर्ने नीति अख्तियार गर्छन् र नियमित वा छात्रवृत्तिका रूपमा पर्याप्त धनराशि खर्च गर्छन्। अझै माथि उठेर ती जनशक्ति जब कर्मशील हुन्छन् तब आफ्नै देशले काम र नागरिकतासमेत दिएर स्वागत गर्छन्। मानवअधिकारको प्रत्याभूति भएका राष्ट्रहरूले अदक्ष जनशक्तिलाई पनि शरणार्थीका रूपमा पनि स्वागत गर्ने गरेको पाइन्छ।



# वीपिनको रिहाइका लागि प्रयासरत छौँ : परराष्ट्रमन्त्री



"प्यालेस्टाइनसँग राम्रो सम्बन्ध रहेको कतारसँग म आफै गएर त्यहाँका प्रधानमन्त्री र विदेशमन्त्रीसँग आग्रह गरेको छु ।" उनले दोस्रो युद्ध विराममा वीपिनको रिहाइ हुनेमा आश्वस्त पारे ।

**टुडे समाचारदाता**

कञ्चनपुर । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले हमासको अपहरणमा परेका कञ्चनपुरका वीपिन जोशीको सकुशल रिहाइका लागि सरकारको तर्फबाट प्रयास भइरहेको बताएका छन् ।

आइतबार महेन्द्रनगरमा सामुदायिक रेडियो शुक्लाफाँटा एफएमको १७औँ वार्षिकोत्सवका अवसरमा मन्त्री साउदले सरकारले जोशीको रिहाइका लागि शक्ति राष्ट्रहरुसँग निरन्तर पहल गरिरहेको बताए । "इजरायल सरकारसँग पनि वीपिनको रिहाइका लागि पटक-पटक आग्रह गरेका छौँ", उनले भने, "प्यालेस्टाइनसँग राम्रो सम्बन्ध रहेको कतारसँग म आफै गएर त्यहाँका प्रधानमन्त्री र विदेशमन्त्रीसँग आग्रह गरेको छु ।" उनले दोस्रो युद्ध विराममा वीपिनको रिहाइ हुनेमा आश्वस्त पारे ।

त्यस अवसरमा वीपिनका आमाबुबाले मन्त्री साउदसँग भेट गरी वीपिनको जीवनरक्षाका लागि पहल गरिदिन आग्रह गरेका थिए । "कतारले दोस्रो युद्ध विरामका लागि आफूहरु प्रयासरत रहेको जवाफ दिएको छ दोस्रो युद्ध विराममा वीपिन सकुशल फर्किने अपेक्षा छ", उनले भने, "पहिलो चरणमा महिला र बालिबालिका प्राथमिकतामा परेको र अब वीपिनको रिहाइ हुनेमा आशावादी छौँ ।" उनले नेपाली विद्यार्थीले इजरायलमा ज्यान गुमाउनु परेको भन्दै दुःख व्यक्त गरे ।

मन्त्री साउदले अहिले छिमेकीसँगको सम्बन्ध समेत सन्तुलित रुपमा अघि बढिरहेको दाबी गरे । "अन्तर्राष्ट्रिय सम्बन्धमा पनि अत्यन्तै कटुटता आएको जस्तो देखिन्थ्यो", मन्त्री साउदले भने, "परराष्ट्र नीति छमेकीहरुलाई प्राथमिकता दिएर सन्तुलित रुपमा अघि बढिरहेको छ ।" मन्त्री साउदले प्रधानमन्त्रीको भारत भ्रमण भएपछि १० वर्षमा १० हजार मेगावाट विद्युत नेपालले भारतलाई बिक्री गर्ने र २५ वर्षसम्म भारतले विद्युत् खरिद गर्ने विषयमा दुईदेश बीचसम्झौता भएको उल्लेख गरे ।

# न्यूनतम साझा सहमति आवश्यक छ – सांसद राना

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसकी नेत्री एवं प्रतिनिधिसभा सदस्य सीताकुमारी रानाले पहिला टेलिभिजनमा देख्दै आएको संसद् र संसदीय समितिका बहस एवं छलफलमा आज आफैँ सहभागी हुने अवसर पाएकी छन् । यी छलफलमा कतिपय नवआगन्तुक सांसदले देश, जिल्ला र क्षेत्रका जल्लाबल्दा विषयवस्तु प्रखररुपमा उठान गर्न अझै नसकेको उनले महसुस गरेकी छन् ।

समानुपातिक निर्वाचन प्रणालीबाट सांसद भएकी रानाले संसद्मा पहिलो प्रवेश, कानुन तर्जुमा गर्ने गहन जिम्मेवारी र प्रक्रियामुखी नौलो अनुभवका कारण हुनसक्छ कतिपय केन्द्रीय जनप्रतिनिधिले समेत अझै जिल्लाका प्राथमिकता, विकास निर्माण, भौगोलिक स्थिति र समस्यालाई प्रखररुपमा राख्न नसकेको प्रतिक्रिया दिईन ।

नेपाली कांग्रेसकी नेत्री रानाले संसदीय अभ्यासमा प्रवेश गरेको एक वर्ष पूरा गरिए पनि कतिपय कारणले आफ्नो उपस्थिति सोचेअनुरुप प्रभावकारी हुन सकेन कि भन्ने महसुस भएको बताईन् । उनले भनीन्, "विधेयकलाई समृद्ध तुल्याएर गुणस्तरीय ऐन-कानुन निर्माण गर्नुपर्ने दायित्व धेरै छ । विधेयकमाथि गहन र बृहत् छलफल हुनुपर्छ । बनेका कानुन पनि कार्यान्वयनमा लैजान नसकेको महसुस गरेकी छु ।" सांसद रानाले महिला सांसद भएकैकारण बोल्ने अवसरमा विभेद नगरिए पनि कतिपय अवस्थामा परिपक्व, पुराना र माथिल्ला तहका नेतालाई सम्मान गर्नुपर्ने परिस्थितिले कम समय प्राप्त हुने गरेको घटना सुनाईन् । नेत्री रानाले जिल्लाका प्रमुख विषयवस्तु राख्ने र कानुनमा स-साना विषयमा पनि गम्भीरतापूर्वक केलाउने सम्बन्धमा कहीँ कतै आफ्नो त्यति राम्रो उपस्थिति भएन कि भन्ने लागेको मात्र हो भनिन् । एक प्रश्नमा उनले भनीन्, "सदन जति प्रभावकारी र चलायमान हुनुपर्थ्यो यस अवधिमा त्यो नभएकै हो ।"

संसद्को महिला तथा सामाजिक मामिला समिति सदस्यसमेत रहनुभएकी रानाले राजनीतिक परिवर्तनका प्रमुख शक्ति नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच हार्दिकता कायम गर्दै कानुन निर्माण र देश विकासमा एकाकार हुनुपर्नेमा त्यो नदेखिएकामा चिन्ता व्यक्त गरिन् । नेत्री रानाले भनिन्, "नयाँ कानुन कार्यान्वयन र भर्खर अघि बढाइएको सङ्घीयतालाई सुदृढ तुल्याउन प्रमुख शक्तिबीच न्यूनतम साझा सहमति आवश्यक छ । नेपाललाई समृद्ध र सुखी बनाएर मात्र दलका नेताले राजनीति र सिद्धान्तको अवधारणा बनाउनुपर्छ भन्ने लाग्छ ।"

नेपाली समाजलाई विखण्डन र विकृतितर्फ लैजान खोजिए कसैको पनि आदर्श र सिद्धान्त बाँकी नरहने चेतावनी दिँदै उनले देशका प्रमुख राजनीतिक शक्तिलाई संविधानका मूलभूत सिद्धान्त तथा देशको परिस्थितिलाई बुझेर एउटा निश्चित मापदण्ड बनाएर अघि बढ्न सुझाव दिईन ।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य पनि रहेकी सांसद रानाले भनीन्, "अब कति समयसम्म हामीले यस्तो द्वेषपूर्ण राजनीतिक गर्ने त ! राजनीतिकले टोल छिमेकमा विवाहलगायत कार्य गर्दा एकअर्कालाई राजनीतिले प्रभाव पारिरहेको छ । यो राजनीतिक दलभित्र मौलाएको तिक्तता र असमझदारीकै परिणाम हो ।"

आफू अघि बढ्ने सन्दर्भमा अर्काको विरोध मात्रै गर्ने प्रवृत्ति ठीक नभएको प्रतिक्रिया दिँदै उनले भनीन्, "समाजलाई विखण्डनतर्फ होइन, सकारात्मक सोचका आधारमा अघि बढाउनुपर्छ । कसैलाई एकोहोरो गाली गर्ने र होच्च्याउने काम गरिन हुन्न ।" समाजलाई बिगारिरहेको र प्रदूषित बनाइरहेको अति राजनीतिकरणलाई अब तत्काल सच्च्याउन आवश्यक रहेको बताउँदै नेत्री रानाले निर्वाचित जनप्रतिनिधिले दलको प्रतिनिधिका रुपमा नभई सबैको साझा हुँ भन्ने भावनाले जिम्मेवारी पूरा गर्नुपर्छ भनिन् ।



उनले भन्नभयो, "कृषि, जलस्रोत क्षेत्रको विकास र रोजगारीजस्ता विषयमा जनप्रतिनिधिले साझा धारणा बनाएर काम गरे मुलुकमा राजनीतिक स्थिरता पनि हुन्छ । अहिले जनप्रतिनिधिबीचको मतभिन्नताले कर्मचारी खटाएको स्थानमा परिचालित हुन नमानेका पक्षलाई पनि हेक्का राखिनुपर्छ ।"

नेपालको अहिलेको परिवेश हेर्ने र स्वतन्त्र मूल्याङ्कन गर्ने हो भने विकास नभएको होइन भन्दै उनले विकासलाई केबल भवन, सडक र पुल निर्माणलाई मात्र नभई समाजमा सकारात्मक सोचलाई प्रवर्द्धन गर्ने गरी सँगसँगै लैजानु पर्नेमा जोड दिईन । नेत्री रानाले भनिन्, "जोसुकैले गरेको भए पनि असल कामलाई प्रोत्साहन गर्न सक्नुपर्छ । सहीलाई सही र गलतलाई गलतै भनेर जानुपर्छ । युवापुस्तालाई विकास भनेको भौतिक मात्र नभई सकारात्मक सोचमा परिवर्तन पनि हो भनी बुझाउन जरुरी छ ।"

लोकतन्त्र स्थापनापछि मुलुकमा आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षणका धेरै क्षेत्रमा प्रगति भए पनि केही व्यक्तिले समाजभित्र नकारात्मक धारणा फैलाएर समाजलाई नै भ्रमित बनाएको र मुलुकलाई अन्धकारतर्फ लैजान खोजेको कुराप्रति सबै सचेत हुन आवश्यक रहेको उनको सुझाव छ ।

राजनीतिक दलका नेताहरुले पनि देश विकास होइन, पार्टीको मात्र राजनीति गरिरहने हो भने आशा गरेको विकास र समृद्धिका एजेण्डा कार्यान्वयन हुन कठिन हुने धारणा राख्दै सांसद रानाले यसले देशहित र जनताको कल्याण गर्न नसक्ने विचार व्यक्त गरिन् । विद्यार्थीकालदेखिनै राजनीतिमा सक्रिय नेत्री राना विभिन्न सङ्घसंस्थामा आबद्ध भई दैलेखका दुर्गम स्थानमा महिला जागरण र सुरक्षित मातृत्वसम्बन्धी चेतना र सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएकी छन् ।

समानुपातिकतर्फ आदिवासी समूहबाट निर्वाचित उनले भूकम्पपछि जाजरकोटको दुर्गम क्षेत्रमा पुगेर सोसेक नेपाल संस्थामार्फत करिब रु तीन करोड बराबरको खाद्यान्न, लत्ताकपडालगायत राहत सामग्री वितरण गरेको सुनाउनुभयो । मुलुकमा लोकतन्त्र स्थापनाका लागि बलिदानीपूर्ण सङ्घर्ष र दुःख भोगेका नेताहरुले कोरेका मार्गचित्रका आधारमा मुलुकको राजनीति यहाँसम्म आइपुगेको बताउँदै विधायक रानाले त्यस्ता नेतृत्वलाई अब समयको बदलिँदो पदचापलाई बुझेर अगाडि बढ्न सल्लाह दिईन ।

बनेका कानुन कार्यान्वयन नगर्न हस्तक्षेप गरेकै कारण कानुन अभ्यासमा जान नसकेका कैयौँ उदाहरण देखिएको बताउँदै सांसद रानाले त्यसैको परिणाम वडादेखि स्थानीय तह, प्रदेश र सङ्घबीच समन्वय र कानुन कार्यान्वयनमा चुनौती खडा भएको प्रतिक्रिया दिईन । उनले भनीन्, "कानुन कार्यान्वयनमा पनि मेरो र तेरोको भावना देखाउने प्रवृत्तिले अनुशासन र सुशासन कायम गर्ने सवालमा अल्झन आउँछ । कानुन प्रयोग गर्न खोजिए पनि सँगसँगै अवरोध पनि भइरहेको छ । त्यसमा कर्मचारीतन्त्रबाट पनि आवश्यक सहयोग मिलेको देखिन्न ।"

हालको निर्वाचन प्रणालीमा धेरै त्रुटि देखिएकाले त्यसमा केही सुधारको खाँचो औँल्याउँदै नेत्री रानाले विधायक भनेको कुलो, पँधेरो, धारो, सडक, स्वास्थ्यचौकी, बाटोघाटो बनाउने हुन् भन्ने सोचबाट जनतालाई मुक्त गराउनुपर्नेमा जोड दिईन । उनका अनुसार देशप्रतिको प्रेम, सद्भाव, भौगोलिक अवस्थाप्रतिको गौरव र आस्था राखेर हिँड्ने प्रयास गरिएमा नेपालको भविष्य सुन्दर छ । त्यसमा प्रत्येक व्यक्तिमा सकारात्मक सोच आवश्यक छ । शीर्ष नेतृत्वले टिप्पणी मात्र होइन परिवर्तनको यात्रालाई सहज तुल्याउन उहाँहरुले सहजीकरण पनि गरिदिनुपर्दछ ।

देश र समाजप्रति होइन, परिवार केन्द्रित राजनीति अन्त्य गरिनुपर्नेमा जोड दिँदै नेत्री रानाले सकारात्मक सोचका साथ अघि बढेमा असम्भव केही नरहेको धारणा राखिन् ।

एक फरक प्रसङ्गमा उनले भनीन्, "देशमा पर्याप्त प्राकृतिक स्रोत साधन छन्, यसको अधिकतम सदुपयोग गर्नुपर्छ, जेजस्तो रोजगारी पाइन्छ स्वदेशमै बसेर देश विकासको अभियानमा सहभागी हुनुपर्छ । हामीले त्यसका लागि पहल गरिरहेका छौँ ।"

# 'नीति र विधिमा सञ्चालित सहकारी सङ्कटमा पर्दैनन्'

**टुडे समाचारदाता**

काठमाण्डु । सांसद कृष्णगोपाल श्रेष्ठले सहकारीको सिद्धान्त, नीति र विधिमा सञ्चालित बचत तथा ऋण सहकारी संस्था आर्थिक सङ्कटमा नपर्ने बताएका छन् ।




देव दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले पछिल्लो समय एकै घरका सदस्य सञ्चालक रहेका र अपारदर्शी ढङ्गबाट सञ्चालित सहकारीमा धेरै समस्या देखिएका छन् भने । उनले भने, "पछिल्लो समय पारिवारिक सहकारीका कारण समस्या देखिएको हो, यस्ता सहकारीलाई राज्यले नीति र विधिभित्र ल्याउनुपर्दछ । एउटा सहकारीको समस्यालाई देखाएर सबै सहकारी उस्तै हुन् भन्ने बुझाइलाई अन्त्य गरिनुपर्छ । साधारण सदस्यको पुँजीलाई कसरी सदस्यकै हितमा परिचालन गर्न सकिन्छ भनेर देव दर्शन बचत तथा ऋण सहकारीले नमूना प्रदर्शन गरेको छ । यसबाट अन्य सहकारीले सिक्नुपर्छ ।" पूर्वमन्त्रीसमेत रहेका सांसद श्रेष्ठले अर्थतन्त्रको तीन खम्बामध्येको एक सहकारीलाई प्रवर्द्धन गर्न राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा लिमिटेडका अध्यक्ष रामनारायण घिमिरेले आव २०७९/८० को वार्षिक प्रतिवेदन तथा लेखा प्रतिवेदन प्रस्तुत गर्दै बचतकर्तालाई समय समयमा कार्यालयमा आएर संस्थाको वित्तीय जानकारी लिन आग्रह गरे । उनले भने, "उत्पादन क्षेत्रमा लगानी भइरहेका कारण संस्थामा जोखिम आएको छैन, आउन दिँदैनौँ । साधारण सदस्यको पुँजी, सदस्यकै हितमा परिचालन भइराखेको छ ।"

चन्दागिरि नगरपालिकाभित्र एक सय ७० वित्तीय संस्था छन् । तीमध्ये देव दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड अब्बल मानिन्छ । कार्यक्रममा चन्दागिरि-६ का वडाध्यक्ष सञ्जय सिग्देलले भने, "सहकारीले बचत कर्ता, बचतकर्ताले सहकारी नचिनेका कारण सहकारी क्षेत्रमा समस्या देखियो । समस्या हटाउन सामूहिक प्रयासको खाँचो छ । आफूले बचत गरेको सहकारीले कहाँ कसरी लगानी गरिरहेको छ, यसबारेमा बचतकर्ता चनाखो हुनुपर्छ ।"

समाजसेवी देवेन्द्र प्रधानले एकाध सहकारी संस्थाका सञ्चालक समितिको गलत निर्णयको दोष समग्र सहकारीले भोग्न परिरहेको उल्लेख गर्दै सहकारीले बचतकर्ताको चासोलाई समयमै सम्बोधन गर्नुपर्छ भने ।

काठमाडौँ बचत तथा ऋण सहकारी सङ्घ (कास्कुन)का अध्यक्ष दीपक पनेरुले सहकारीलाई भजाएर राजनीति गर्दा सहकारी क्षेत्र नै बदनाम हुन पुगेको गुनासो गरे । उनले भने, "७५ लाखभन्दा बढी सर्वसाधारण जनता आबद्ध रहेको सहकारी क्षेत्रमा निराशा आउनु दिनुहुँदैन । यस क्षेत्रमा देखिएका समस्या तत्काल सम्बोधन गरिनुपर्छ ।"

सोही कार्यक्रममा 'सर्वोत्कृष्ट कर्मचारी सम्मान' शिवकुमार थापा मगर र आस्था अर्याललाई रु पाँच हजारसहित प्रदान गरिएको थियो । निरा श्रेष्ठ, राजेन्द्र गोपाली, मीनादेवी श्रेष्ठ र रोहितबहादुर बलामीलाई पनि उत्कृष्ट बचत सदस्यका रुपमा सम्मान गरिएको थियो भने गत वर्षको माध्यामिक शिक्षा परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने आकृति श्रेष्ठ र रोसिस श्रेष्ठलाई 'देव दर्शन अवार्ड' प्रदान गरिएको थियो । सो अवार्डको राशि रु पाँच हजार छ ।

धेरै शेयर सदस्य रहेको देव दर्शन बचत तथा ऋण सहकारी संस्थाले आर्थिक वर्ष २०७९/८० मा पनि मुनाफा आर्जन गरेको छ । विसं २०६६ असार ६ गतेदेखि आफ्नो सेवा थालनी गरेको सो सहकारीमा हाल तीन हजारभन्दा बढी शेयर सदस्य आबद्ध छन् भने कूल सम्पत्ति रु एक अर्ब १३ करोड २७ लाखभन्दा माथि पुगेको जनाइएको छ ।

कोभिड सङ्क्रमणको विश्वव्यापी प्रभाव, विश्व बजारमा आएको आर्थिक मन्दी, बैङ्क तथा वित्तीय संस्थाको सत्त्यात्मक वृद्धि, घरजग्गा व्यापारमा आएको मन्दी, सहकारी क्षेत्रमा देखिएका विभिन्न समस्या, तरलता र ब्याजदरलगायत कारण आर्थिक क्षेत्रले सन्तोषजनक उपलब्धि हासिल गर्न समस्या भइरहँदा सहकारीले सो आवमा रु ७८ लाख २० हजार ७० मुनाफा कमाउन सफल भएको हो ।

सहकारीले सो आवमा आफ्नो कारोबार रु एक अर्ब १७ करोड ६५ लाख ७४ हजार आठ सय ६८ पुऱ्याएको थियो । आव २०७९/८० मा सो संस्थाको निक्षेप सङ्कलन रु एक अर्ब ६ करोड ५६ लाख २२ हजार र शेयर पुँजी रु चार करोड ७४ लाख सात हजार पुगेको जनाइएको छ । सहकारीको १५ औँ वार्षिक प्रतिवेदनका अनुसार आव २०८०/८१ शेयर पुँजी रु पाँच करोड पुऱ्याउने, निक्षेप सङ्कलन रु एक अर्ब २५ करोड गर्ने र कर्जा लगानी रु २० करोड गर्ने लक्ष्य लिइएको छ ।

राष्ट्रिय सहकारी बैङ्क, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ, काठमाडौँ जिल्ला सहकारी सङ्घ तथा काठमाडौँ बचत तथा ऋण सहकारी सङ्घमा आबद्ध चन्द्रागिरि नगरपालिका-५ स्थित दाउराडिपोमा रहेको सो सहकारीले आफ्नो शेयर सदस्यतलाई रु पाँच हजार सुत्केरी भत्ता तथा काजकिरियासमेत प्रदान गर्दै आएको छ । सहकारीको अध्यक्ष घिमिरेका अनुसार निक्षेप सङ्कलनतर्फ नियमित, देवदर्शन पेन्सन, बाल शैक्षिक, नारी उत्थान, किसान, साधारण, देवदर्शन विशेष, कल गोल्डेन, बोनसलगायत बचत सेवा सञ्चालित छन् । यसैगरी, देवदर्शन पुलेसो, आवधिक, छोटो अवधि, व्यापारिक, घर, हायर पर्चेच, महिला उद्यमी, शेयर सदस्य सहुलियत, सामूहिक जमानी, कृषि, लघु, गरिबी निवारणलगायत कर्जा तथा सापट योजना संस्थाले कार्यान्वयनमा ल्याइरहेको छ ।

# विविधता नेपालको परिचय र सम्पत्ति होः मन्त्री गुरुङ

**टुडे समाचारदाता**

काठमाण्डु । सहरी विकास मन्त्री सीता गुरुङले बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक र बहुधार्मिक विविधता नेपालको परिचय र सम्पत्ति भएको बताएकी छन् । आइतबार टुँडिखेलमा आयोजित तमू ल्होसार महोत्सव २०८०का अवसरमा उनले नेपालका हरेक जातजातीको आ-आफनो पहिचान र परम्परा तथा साँस्कृतिक मूल्यमान्यता रहेको बतईन् ।



मन्त्री गुरुङले भनीन्, "पुर्खाले सदियौँदेखि जोगाएर राखेको धार्मिक, साँस्कृतिक सम्पदा र संस्कृतिलाई संरक्षण एवम् सम्बर्द्धन गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा छ । हामी सबैले त्यसलाई जोगाउन सक्नुपर्छ ।"

फरक प्रसङ्गमा उनले वर्तमान सरकार सुशासनसहित तीव्र विकासमा अघि बढिरहेको बताउँदै नागरिकको अवस्था परिवर्तनका लागि सरकारले अहोरात्र काम गरिरहेको जिकिर गरिन् । मन्त्री गुरुङले भने, "नागरिकको बढ्दो असन्तुष्टि र नकारात्मक टिप्पणीप्रति सरकार सचेत छ । तर सरकारले केही गरेको छैन र केही हुँदैन भन्नु जुन भाष्य निर्माण हुँदैछ त्यो गलत छ । भौतिक पूर्वाधारमै पनि विकासका हिसाबले फड्को मारेको छ ।" सरकारले नागरिक तहमा अनुभूत हुने गरी काम गर्ने प्रतिबद्धता जनाउँदै मन्त्री गुरुङले त्यसको परिणाम छिट्टै देखिने र निराशावादी नहुन आग्रह गरिन् ।

नेपाल आदिवासी जनजाती महासङ्घ सङ्घीय परिषद्का अध्यक्ष ग्लाल्जेन लामाले अर्थतन्त्रमा देखिएको मन्दी र विकास निर्माणमा देखिएको शिथिलतालाई चलायमान तुल्याउ सरकारसँग माग गरे ।

तमू ह्यालु छोज धि गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष कर्णबहादुर गुरुङले तमू ल्होसारले सवैजातजाति र समुदायमा आपसी सद्भाव कायम गर्न प्रेरणा प्रदान गरोस् भनी कामना गरे ।

उनले भने, "गुरुङ समुदायका युवालाई विदेश पलायनबाट रोक्न रोजगारी दिइनुपर्छ । नेपाल आदिवासी जनजाति आयोगलाई तमु समुदायको भाषा, सँस्कृति र भेषभूषाको सम्वर्द्धनका लागि दिँइदै आएको बजेट बृद्धि गर्न सरकारसँग माग गर्छौ ।"

महोत्सव मूल समारोह संयोजक लोकबहादुर गुरुङले तमु समुदायले उठाएका विषयवस्तुलाई प्रधानमन्त्रीबाट सकारात्मक रुपमा ग्रहण गरी सम्बोधन गर्ने प्रतिबद्धता जनाएकामा धन्यवाद ज्ञापन गरे ।

नेपालको आदिवासी मध्ये तमू समुदायको आफ्नै भाषा, सँस्कृति र मूल्य मान्यता तथा बेग्लै पहिचान छ । विश्वमै सहासिक र इमान्दारी जाति र समुदायकारुपमा गुरुङ समुदायले परिचय बनाएको छ । महोत्सवका अवसरमा लामा गुरुद्वारा शान्ति स्वस्ती पाठका साथै तमु समुदायभित्रका विभिन्न १२ समुदायबाट नव वर्षका उपलक्ष्यमा उपलब्ध १२ वटा बेलुन समेत उडाइएको थियो ।

त्यस अवसरमा गुरुङ समुदायबाट समाजका विविध क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने मन्त्री गुरुङ, सहसचिव मीना गुरुङ, खेलाडी एरिका गुरुङ र नीतु गुरुङ तथा डा निरबहादुर गुरुङलगायतलाई सम्मान गरिएको थियो ।

महोत्सवका अवसरमा गुरुङ समुदायको भेषभूषा, संस्कार र सँस्कृति झल्कने झाँकी प्रस्तुत गरिएको थियो । गुरुङ समुदायले प्रयोग गर्ने ऐतिहासिक मौलिक घर, कृषि कर्म गर्दा प्रयोग गरिने हलो, जुवा, कोदालो, हँसिया, ढाँकी, आफन्त भेट्न जाँदा पेरुङमा हालेर लैजाने कुखुराका भालेसहितका विभिन्न सामग्री समेत त्यस अवसरमा प्रदर्शनी गरियो ।

महोत्सवका अवसरमा तमू समुदायले चाडबाडमा प्रयोग गर्ने खानेकुराका स्वाद चाख्न खरिद-बिक्री कक्षको व्यवस्था गरिएको छ । कार्यक्रममा तमू समुदायको साँस्कृतिक पहिचान झल्कने कौरा, घाटु, मारुनी, झयाउरे तथा चुट्का नृत्यसहित गीत संगीत प्रस्तुत गरिएको थियो ।

# सांस्कृतिको प्रवर्द्धन गर्नुपर्छ : नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा सबै समुदायका मौलिक संस्कृतिको संरक्षणबाट सामाजिक एकता अभिवृद्धिका साथै राष्ट्रिय एकतालाई थप बलियो बनाउन सहयोग पुग्ने बताएका छन् ।



तमु ल्होसारका अवसरमा आइतबार एक विज्ञप्ति जारी गर्दै पूर्वप्रधानमन्त्रीले विभिन्न जातजातिकाले परम्परागत रुपमा मनाउँदै आएका पर्वको जगेर्नाबाट नेपाली समाजलाई एकापसमा एकताबद्ध गरी सुसंस्कृत समाज निर्माणमा सहयोग पुग्ने बताएका छन् । बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा विभिन्न समुदायले आफ्ना मौलिक चाडपर्व संस्कृतिको संरक्षण गर्नुपर्नेमा उनले विज्ञप्तिमा जोड दिएका छन् ।


स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीको सुख, शान्ति, समृद्धि एवं प्रगतिको शुभकामना व्यक्त गर्दै अध्यक्ष नेपालले समाजमा विद्यमान सबै प्रकारका विभेद, विकृति र विसङ्गतिलाई अन्त्य गरी समतामूलक एवं सुसंस्कृत समाजको निर्माण गर्नुपर्ने बताएका छन् ।

# बर्षान्त २०२३ : सन् २०२३ लाई फर्केर हेर्दा

काठमाण्डु । अव्यवस्थाका शक्तिहरू बलियो हुँदै जाँदा यो वर्ष विश्व परिदृश्यमा एक कठिन वर्ष भएको छ । पूराना युद्धहरू जारी छन् भने यो बर्ष केही नयाँ मुलुकले पनि युद्धको सामना गर्नुपरेको छ । भू-राजनीतिक प्रतिस्पर्धा बढ्दै जाँदा प्रतिद्वन्द्वी राष्ट्रप्रमुखहरूबीचको बैठक पहिलो पृष्ठको समाचार बन्यो । यद्यपि उनीहरूको वार्ताले थोरै ठोस प्रगति हासिल गऱ्यो । समग्रमा भन्ने हो भने, सुसमाचारको अभाव भएको छ ।

**अन्तरिक्षसम्बन्धी नयाँ कीर्तिमान राख्ने दौड**

यो बर्ष अन्तरिक्ष दौड तातेको देखियो । विश्वका शक्ति राष्ट्रहरूले र कम्पनीहरूले अन्तरिक्षमा नयाँ नयाँ रेकर्ड कायम गर्नेतर्फ आफ्नो आँखा लगाएका छन् । दौडमा बाजी जित्ने होड चलिरहेको छ । विश्वका सत्तरी देशहरूमा अन्तरिक्ष अध्ययनसम्बन्धी निकाय स्थपना भएका छन् भने सोह्र देशले अन्तरिक्षमा यान प्रक्षेपण गर्न सक्छन् । अन्तरिक्ष दौडमा यो बर्ष चन्द्रमा विशेष चासोको विषय बनेको छ । गत अगष्टमा रूसको ल्याण्डर चन्द्रमाको सतहमा ठोक्किएपछि रूसको चन्द्रमाको पछिल्लो अभियान निराशाजनक बनेको थियो । त्यसको केही दिनपछि भारत चन्द्रमामा मानवरहित यान अवतरण गर्ने चौथो देश बनेको थियो भने चन्द्रमाको दक्षिणी ध्रुवीय क्षेत्रमा मानवरहित यान अवतरण गर्ने पहिलो देश बनेको थियो । त्यसको दुई हप्तापछि भारतले सूर्यको अध्ययन गर्ने अभियान चलायो । नासाले सन् २०२५ सम्ममा अन्तरिक्ष यात्रीलाई चन्द्रमामा फर्काउने




लक्ष्य राखेको छ । यी र अन्तरिक्षसँग सम्बन्धित अन्य प्रयासहरूले भूराजनीतिक प्रतिद्वन्द्विताले अन्तरिक्षको सैन्यीकरण निम्त्याउने छ कि भन्ने चिन्तालाई बढावा दिइरहेको छ ।

अन्तरिक्षमा बढ्दो चासोले अन्तरिक्ष सञ्चालनलाई नियन्त्रण गर्ने नियमहरूको अभावलाई पनि उजागर गरेको छ । संयुक्त राज्य अमेरिकाले आर्टेमिस सम्झौतालाई ' बाह्य अन्तरिक्षको नागरिक अन्वेषण र प्रयोगलाई नियन्त्रण गर्न' पहलकदमी लिनखोजेको छ । चीन र अन्य धेरै अन्तरिक्ष यात्री देशहरूले यसमा हस्ताक्षर गर्न अस्वीकार गरेका छन् । स्पेसएक्स, ब्लु ओरिजिन र भर्जिन ग्यालेक्टिकजस्ता निजी कम्पनीहरूले अन्तरिक्ष सञ्चालनहरूमा ठूलो भूमिका खेल्ने तथ्यले अन्तरिक्षका लागि नियमहरूले काम गर्नु जटिल छ । यसले लाभको उद्देश्य र राष्ट्रिय दायित्वमाथि प्रश्न उठाउँछ । तर अन्तरिक्ष गतिविधिमा भएको वृद्धिले अन्तरिक्ष जंकको सांसारिक जस्तो देखिने समस्याले आकाशको अन्वेषणलाई जटिल बनाउँछ कि गर्दैन भन्ने प्रश्न पनि खडा गरेको छ ।

**एआईको प्रयोग र बिस्तारमा तीब्रता**

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकास मानव समुदायका लागि मौका र चुनौतीका रूपमा देखिएको छ । यसको विकाससँगै विस्तार र रोक लगाउनुपर्ने स्वरहरू गुन्जिन थालिसकेका छन् । सन् २०२३ मा च्याटजीपीटीको नवीनतम संस्करण यसको पूर्ववर्तीको तुलनामा दस गुणा बढी उन्नत बनेर फैलियो । सरकारहरू, कम्पनीहरू र व्यक्तिहरू यसको क्षमताको दोहन गर्न द्रुत गतिमा अघि बढे । यसले आर्टिफिसियल इन्टेलिजेन्सले मानव सिर्जनशीलता र समृद्धिको नयाँ युगको सुरुवात गरिरहेको छ वा भयानक भविष्य निर्माण गर्ने पान्डोराको बाकस खोल्दैछ भन्ने विषयमा चर्को बहस सुरु गरेको थियो । आशावादीहरूले कसरी एआईले विभिन्न क्षेत्रहरूमा अभूतपूर्व गतिमा वैज्ञानिक सफलताहरू फैलाइरहेको छ, औषधिहरूको द्रुत अनुसन्धान सक्षम पार्दै, चिकित्सा क्षेत्रका रहस्यहरूलाई खोलिदिएको छ र नसुल्झिने गणितीय समस्याहरू समाधान गरिरहेको छ भनेर औंल्याए । आलोचकहरूले यो प्रविधि मानवको क्षमताभन्दा छिटो विकास भइरहेको र यसले निम्त्याउन सक्ने हानिको आँकलन र न्यूनीकरण गर्न सक्ने बताएका छन् । यसले व्यापक बेरोजगारी सिर्जना गरिरहेको, विद्यमान सामाजिक असमानताहरूलाई कडा पारिरहेको, मानवताको लोप हुनुमा मलजल गरिरहेको दावी गरेका छन् । बहस जारी छ र अझै केही बर्ष लम्बिने छ ।

एआईको आलोचकमध्ये एक जेफ्री हिन्टनले कृत्तिम बुद्धिमताको खतराबारे चेतावनी दिन गुगलको जागिर छोडेका थिए भने एलन मस्क र स्टिभ वोज्नियाकजस्ता प्रविधि क्षेत्रका नेताले खुला पत्रमा हस्ताक्षर गर्दै एआईले 'समाज र मानवताका लागि गहिरो खतरा' रहेको चेतावनी दिएका थिए । यसैबीच, सन्देहवादीहरूले एआईको धेरै प्रतिज्ञाहरू कमजोरी हुनेछन् किनकि मोडेलहरूले चाँडै नै उनीहरूको आफ्नै प्रतिफलबारे प्रशिक्षण सुरु गर्नेछन्, जसले उनीहरूलाई वास्तविक मानव व्यवहारबाट सम्बन्धविच्छेद गर्न नेतृत्व गर्दछ । सरकारहरू व्यक्तिगत रूपमा वा सामूहिक रूपमा, एआईका फाइदाहरू दोहन गर्न र यसको जोखिमहरू नियन्त्रण गर्न पर्याप्त द्रुत गतिमा अघि बढिरहेको देखिदैन ।

**जलवायु परिवर्तनबारे विश्व बहस**

संयुक्त अरब इमिरेट्स (युएई) मा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा अधिकांश देश नवीकरणीय र हरित ऊर्जा उत्पादनलाई बढावा दिँदै जीवाश्म इन्धनको प्रयोगलाई न्यून गर्दै जाने सहमति भएको छ । कोप-२८ मा हालसम्म गरिएका प्रतिबद्धताले सन् २०३० सम्ममा हरितगृह ग्यास उत्सर्जनमा कमी गर्न आवश्यक पर्ने कार्यमा ३० प्रतिशतले मात्र कमी ल्याउने छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी निकायका अनुसार नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी प्रतिबद्धतामा १३० देशले हस्ताक्षर गरेका छन् । विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन चीन, विकासशील भारत र प्रमुख ऊर्जा निर्यातकर्ता साउदी अरब र रूसले सम्झौतामा हस्ताक्षर गरेका छैनन् । नवीकरणीय ऊर्जा प्रतिवद्धतापत्रमा २०३० सम्म ११ हजार गिगावाट हरित ऊर्जा क्षमता पुऱ्याउने लक्ष्य राखिएको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए)ले २०२२-२०२७ बीचमा नवीकरणीय ऊर्जाले विश्वको ऊर्जा क्षमतामा ९० प्रतिशतभन्दा विस्तार हुने जनाएको छ । नवीकरणीय ऊर्जाको बढोत्तरी गर्दै गएर सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको नीतिलाई व्यावहारिक रूपमा लागू गर्नसमेत कोप-२८ मासहभागी राष्ट्र तयार देखिएका छन् । नवीकरणीय ऊर्जा करिब २४०० गिगावाट हुनेछ, यो भनेको चीनले आज उत्पादन गरेको सम्पूर्ण ऊर्जा क्षमता हो । हिजो जीवाश्म इन्धनको अत्यधिक उपयोग गर्ने चीन, युरोपेली सङ्घ, अमेरिका, भारतले हालको नीति र बजारमा परिवर्तन गरेका कारण यो सम्भावना बढेको ऊर्जाविद्हरु बताउँछन् । विकाशोन्मुख देशहहरु मात्र होइन, विश्वका औद्योगिक मुलुकहरुमा पनि सौर्य, वायु, जलविद्युत् र जैविक इन्धन भविष्यको ऊर्जाको मुख्य स्रोत हुनेछ ।

**चीन-अमेरिका तनावमा कमी**

अमेरिका र चीनबीचको तनाव निरन्तर चलिरहेको छ । तर अघिल्ला केही बर्षहरूलाई मूल्याङ्कन गर्ने हो भने सन् २०२३ सुरु भएसँगै अमेरिका र चीनबीचको तनाव कम हुँदै गएको देखिन्छ । अघिल्लो नोभेम्बरमा बालीमा भएको जी-२० शिखर सम्मेलनका क्रममा जो बाइडेन र सी चिनफिङबीच फलदायी भेटवार्ता भएको थियो । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले दुई देशबीच बढ्दो तनावपूर्ण भू-राजनीतिक प्रतिद्वन्द्वितालाई 'गार्डरेल' दिने विषयमा छलफल गर्न फेब्रुअरीमा बेइजिङको भ्रमण गर्ने कार्यक्रम तय भएको थियो । तर त्यसपछि संयुक्त राज्य अमेरिकामाथि एउटा चिनियाँ बेलुन देखा पऱ्यो । यसलाई अमेरिकी वायु सेनाको एफ-२२ राप्टरले दक्षिण क्यारोलिनाको तटमा खसालेको थियो । बेइजिङले मौसमको अनुगमन गर्ने क्रममा बेलुन उडेको दाबी गरेको थियो तर संयुक्त राज्य अमेरिकाले यसलाई अस्वीकार गरेको थियो । यस घटनाले संयुक्त राज्य अमेरिकामा राजनीतिक आवेगलाई बढावा दियो र ब्लिन्केनलाई आफ्नो बेइजिङ भ्रमण स्थगित गर्न प्रेरित गर्यो । सबैभन्दा दुःखको कुरा के छ भने, चिनियाँ अधिकारीहरूले बेलुन खसालेपछि अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले चीनसँग कुटनीतिक टेलिफोन वार्ताका लागि फोन गरे पनि चीनले उहाँसँग तत्काल कुरा गर्न चाहेन ।

शुभेच्छुक राष्ट्रहरूसमेतको लामो कुटनीतिक पहलपछि अमेरिकी विदेश मन्त्रालयका अधिकारीहरूले 'रचनात्मक' वार्ताका लागि ब्लिन्केनलाई चीन पठाउने निर्णय गरे । अन्ततः बहालवाला उच्च अमेरिकी कुटनीतिज्ञ जुनमा बेइजिङ जानुभयो । बेइजिङमा भएका वार्तालापहरूले वासिङ्टनलाई चीनसँगको व्यापारमा थप प्रतिबन्ध लगाउन वा बेइजिङलाई ताइवान, फिलिपिन्स वा एसियामा अमेरिकी सेनामाथिको उत्पीडन कम गर्न राजी गराएनन् । यो दुई राष्ट्रहबीचको सामान्य विवाद नभई रणनीतिक महत्वको विवाद पनि हो । यसको निकास वार्ताबाट सम्भव देख्ने विश्व समुदायले यसलाई बुझेको छ तर पनि यसको मिलनविन्दु खोज्न दुई शक्ति राष्ट्रहरूलाई निरन्तर घचघचाइरहेको छ ।

बाइडेन र सीबीच गत नोभेम्बरमा सान फ्रान्सिस्कोमा सन् २०२३ मा भएको एपेक लिडर्स फोरमका क्रममा भेटवार्ता भएको थियो । वार्ताले केही सानातिना सम्झौताहरू दियो तर कुनै ठूलो सफलता हासिल गरेन । मोडस भिभेन्डीको सम्झौताले विश्वका दुई शक्तिशाली देशहरूलाई बेवास्ता गरिरहेको छ ।

**जनसंख्यामा चीनविरुद्ध भारतको बाजी**

भारत चीनलाई उछिनेर विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा स्थापित भएको छ । पछिल्लो शताब्दीमा चीन विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देश रहेको थियो । अहिले भारतको जनसङ्ख्या एक अर्ब ४३ करोड रहेको अनुमान गरिएको छ । सम्भवतः भारत यो शताब्दीको दशकौंसम्म सबैभन्दा बढी जनसङ्ख्या भएको देश रहिरहनेछ । चीनको जनसङ्ख्या भने घट्दै गएको र पाका उमेरका नागरिकको सङ्ख्या बढ्दो देखिएको छ । जनसांख्यिकीविद्हरूका अनुसार शताब्दीको मध्यसम्ममा चीनको जनसङ्ख्या १० करोडले घट्नेछ वा अहिले संसारका पन्ध्र बाहेक सबै देशको जनसंख्याभन्दा बढी हुनेछ । सोही अवधिमा चीनको औसत आयु ३९ वर्षबाट बढेर ५१ वर्ष पुग्नेछ । यसबीच भारतको जनसंख्या मध्य शताब्दीसम्ममा करिब १.७ अर्ब पुग्ने छ र यसको औसत आयु ३९ वर्ष हुनेछ ।

**नागोर्नो-काराबाख-अजरबैजानको कब्जामा**

यो बर्ष अजरबैजानले नागोर्नो-काराबाखलाई आफ्नो नियन्त्रणमा लिएको छ । सन् १९९१ मा स्वतन्त्र राष्ट्र घोषणा भएको काराबाखमा सोभियत सङ्घको पतनको तीन दशकपछि पनि पराकम्पन महसुस भइरहेको छ । सोभियत सङ्घको पतनबाट उदाएका देशहरूमा सीमाहरू थिए जुन प्रायः राष्ट्रिय समूहहरू बस्ने ठाउँसँग मेल खाँदैनथे र त्यहाँ द्वन्द्वको बीउ छर्न सजिलो थियो । उदाहरणका लागि, अजरबैजानको नागोर्नो-काराबाख क्षेत्र लगभग सम्पूर्ण रूपमा जातीय अर्मेनियालीहरू बसोबास गर्दथे जुन बाकुद्धारा शासित हुन इच्छुक थिएनन् । सन् १९९४ मा रूसी मध्यस्थतामा भएको युद्धविरामसँगै युद्ध समाप्त भएपछि नागोरो-काराबाखले अजरबैजानी भूभागको केही भागसहित स्वतन्त्रता प्राप्त गरेको थियो । सीमापार आक्रमणका बावजुद, सेप्टेम्बर २०२० मा ठूलो मात्रामा युद्ध सुरु नहुन्जेल युद्धविराम जारी रह्यो । त्यसको छ हप्तापछि रूसले अर्को युद्धविरामको वार्ता गऱ्यो । यसले अजरबैजानलाई नागोर्नो-काराबाखको अधिकांश भागमा नियन्त्रणमा राख्यो । तनाव उच्च रह्यो । सेप्टेम्बर २०२३ मा अजरबैजानले फेरि आक्रमण गऱ्यो । केही दिनभित्रै उसले आफ्नो नियन्त्रणमा नरहेका क्षेत्र माथि कब्जा जमायो र गुमेको उक्त क्षेत्रलाई 'पुनःएकीकरण' सुरु गर्ने घोषणा गऱ्यो । एक हप्ताभित्र, एक लाखभन्दा बढी अर्मेनियालीहरू, वा नागोर्नो-काराबाखको जनसङ्ख्याको लगभग ८५ प्रतिशत भागेर अर्मेनिया पुगे । यस पलायनले आर्मेनियामा आफ्नो सरकार अर्मेनियालीहरूको सुरक्षा गर्न असफल भएको विरोधमा प्रदर्शनहरू निम्त्यायो । अजरबैजानलाई अर्मेनियाली नागरिक विभाजित बनेका समय नियन्त्रण गर्न सहज भयो ।

**सुडान गृहयुद्ध**

सन् २०२३ मा गृहयुद्धले सुडानलाई तहसनहस बनायो । सुडानमा प्रजातन्त्र आएको वर्षका रूपमा सन् २०२३ लाई घोषणा गरिएको थियो । सुडानी जनताले बरु गृहयुद्धको सामना गरे । सन् २०१९ को अप्रिलमा सुडानको सेनाले लामो समयदेखि तानाशाह ओमार अल बशीरलाई सत्ताच्युत गर्न गरेको प्रदर्शनमा यो द्वन्द्वको जरा गाडेको थियो । नयाँ सैन्य जुन्टाले नागरिक समूहहरूसँग सत्ता साझेदारी गर्न र चुनावको दिशामा काम गर्न एक सम्झौता गरेको छ । यद्यपि, अक्टोबर २०२१ मा सुडानी सशस्त्र बल (एसएएफ) का प्रमुख अब्देल फतह अल-बुरहान र ऱ्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) लडाकू समूहका प्रमुख मोहम्मद हमदान "हेमदती" डग्लोले अर्को विद्रोहको नेतृत्व गरे । सुडानमा युद्धविराम प्रयासहरू नभएका होइनन् तर परिणाम ल्याउन सफल हुन सकेका छैनन् ।

**युक्रेन युद्ध**

सन् २०२३ को सुरुमा युक्रेनी प्रतिआक्रमणले पूर्वी युक्रेन र सम्भवतः क्रिमियामा रुसको पकड तोड्न सक्ने आशा उच्च थियो । बहुप्रतिक्षित प्रतिआक्रमण जुनको सुरुमा सुरु भएको थियो । रूसी सेनालाई ठूलो क्षति पुऱ्याए तापनि युद्धरेखाहरू मुस्किलले हल्लिएका थिए । रूसी सेनाले जाडो र वसन्त ऋतुलाई प्रयोग गरेर शक्तिशाली प्रतिरक्षा तयार पारेको थियो । नोभेम्बरको सुरुमा युक्रेनका शीर्ष जनरलले यो लडाइँलाई 'गतिरोध' को संज्ञा दिएका थिए र 'सम्भवतः कुनै गहिरो र सुन्दर सफलता प्राप्त हुने छैन' भनी स्वीकारेका थिए ।

भयानक क्षतिको बाबजुद, रूसले आक्रमणको सुरुवातको तुलनामा २०२३ को पतनमा युक्रेनमा सैनिकहरूको सङ्ख्या दोब्बर थियो र रूसी अर्थव्यवस्था युद्धस्तरमा थियो । यसैबीच, 'युक्रेनको थकान' पश्चिममा देखा पर्न थालेको छ, विशेष गरी संयुक्त राज्य अमेरिकामा रिपब्लिकन सांसदहरूले कीएभलाई थप सहायता पठाउन अस्वीकार गरेका छन् । दीर्घकालीन प्रवृत्तिले रूसलाई समर्थन गर्न सक्ने सम्भावना बढेपछि युक्रेनलाई अपराधबाट प्रतिरक्षामा जान र युद्धविरामको माग गर्न माग उठ्न थाल्यो । रूसी राष्ट्रपति भ्लादिमिर पुटिन युद्ध रोक्न सहमत हुन्छन् कि हुँदैनन् भन्ने बहसको विषय बनेको छ । विशेषगरी आगामी नोभेम्बरमा हुने अमेरिकी चुनावले युक्रेनसँगको सम्बन्ध तोड्न चाहने राष्ट्रपतिलाई जन्म दियो भने समय आफ्नो पक्षमा आउने पुटिनको विश्वास रहेकोजस्तौ देखिन्छ ।

**गाजा युद्ध**

सन् २०२३ को सेप्टेम्बरको अन्त्यतिर मध्यपूर्व आशाजनक देखिएको थियो । अब्राहाम सम्झौताले इजरायल र अरब देशहरूबीचको सम्बन्धलाई अझ प्रगाढ बनाइरहेको थियो । साउदी अरबले चाँडै नै इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न सक्ने अनुमान गरिएको थियो । यमनको तिक्ततापूर्ण गृहयुद्धमा युद्धविराम भइरहेको थियो । यी प्रवृत्तिहरूले गर्दा अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ' मध्यपूर्व क्षेत्र विगत दुई दशकको तुलनामा आज शान्त छ' भन्नुभएको थियो ।

त्यसको ठीक आठ दिनपछि अर्थात् अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गर्दा त्यो स्थिति परिवर्तन भयो । उक्त आक्रमणमा इजरायलमा बस्दै आएका करिब एक हजार १४० स्वदेशी तथा विदेशी मारिएका थिए । यो घटना इजरायलको इतिहासमा सबैभन्दा घातक दिन थियो । करिब २४० जनालाई बन्धक बनाइएको थियो । हमासको उन्मूलन गर्ने वाचा गर्दै इजरायलले गाजाविरुद्ध हवाई आक्रमण गर्यो र त्यसपछि उत्तरी गाजामा आक्रमण गऱ्यो । नोभेम्बरको अन्त्यमा लडाईंमा वार्ताको विरामले लगभग एक सय बन्धकहरूको रिहाई सुनिश्चित गऱ्यो। तर इजरायली सेना दक्षिणी गाजामा प्रवेश गरेसँगै युद्ध फेरि सुरु भयो । प्यालेस्टाइनी नागरिक, जसमा अधिकांश महिला र बालबालिका छन्, को मृत्यु को संख्या बढ्दै जाँदा इजरायलले युद्ध अपराध गरिरहेको भन्ने विश्वव्यापी गुनासोलाई बढावा दिएको छ। इजरायलले उक्त आरोपको खण्डन गर्दै हमासले प्यालेस्टाइनी नागरिकलाई मानव ढालको रुपमा प्रयोग गरिरहेको तर्क गरेको छ ।

**सैन्य विद्रोह र लोकतन्त्र विरोधी गतिविधि**

नागरिक स्वतन्त्रताका लागि गठन गरिएको अमेरिकी संस्था 'फ्रिडम हाउस'ले सन् २०२२ मा विश्वव्यापी स्वतन्त्रता र लोकतन्त्रमा ह्रास आएको लगातार सत्रौं वर्ष घोषणा गरेर वर्ष (सन् २०२३)को सुरुवात गरेको थियो । मानौं यो कुरा प्रमाणित गर्न अफ्रिकाको सैन्य 'कू' को आतङ्क जारी रह्यो । गत जुलाईमा नाइजरको सेनाले प्रजातान्त्रिक ढङ्गबाट निर्वाचित राष्ट्रपतिलाई अपदस्थ गरेको थियो । छिमेकी राज्यहरूले 'कू' फिर्ता नलिए हस्तक्षेप गर्ने धम्की दिए पनि माली र बुर्किना फासोमा सञ्चालित सैन्य शासकहरूले त्यसको जवाफमा युद्धको धम्की दिएका छन् । अगस्टमा, ग्याबोनको सेनाले सत्ता कब्जा गऱ्यो र अन्ततः चुनाव गर्ने अस्पष्ट प्रतिज्ञाहरू गरे ।

थाइल्याण्डमा मे महिनामा भएको चुनावमा एउटा नयाँ प्रगतिशील पार्टीले सबैभन्दा बढी सिट जितेको छ । यद्यपि, अँध्यारो कोठामा भएको सम्झौताले सैन्य समर्थक सरकारको गठनलाई सुनिश्चित गर्दै चुनावको सबैभन्दा ठूलो विजेतालाई बाहिरबाट हेर्न बाध्य बनायो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विरोधीहरूलाई 'कीरा' को संज्ञा दिँदै आफू ह्वाइट हाउस पुनः प्राप्त गरेमा 'पहिलो दिनबाहेक' तानाशाह नहुने बताउनुभएको छ । समग्रमा भन्नुपर्दा लोकतन्त्रका लागि यो वर्ष राम्रो देखिएन ।

# बर्षान्त २०२३ : जलवायु न्यायले पाउँदैछ अन्तर्राष्ट्रिय प्राथमिकता



काठमाण्डु । सन् २०१७ मा १०० जनाभन्दा धेरैको ज्यान लिने गरी पोर्चुगलमा फैलिएको उष्णलहर र डढेलोबाट प्रभावित बनेकी २४ वर्षीया क्लाउडिया डुआर्टे अगोस्टिन्होसहित उनका २० वर्षीय भाइ मार्टिम र ११ वर्षीया बहिनी मारियानासहित छ जनाले ३२ वटा देशका सरकारविरुद्ध मुद्दा हालेका थिए । युरोपेली सङ्घका सबै सदस्य, बेलायत, नर्वे, रुस, स्विट्जरल्यान्ड र टर्कीलाई जलवायु परिवर्तनको बारेमा पर्याप्त काम नगरेको र पेरिस सम्झौताले तोकेको लक्ष्यअनुरूप विश्वव्यापी तापमान १।५ डिग्री सेल्सियसभित्र कायम गर्ने गरी हरितगृह ग्यासको उत्सर्जन कम गर्न चुकिरहेको भन्ने उनीहरूको आरोप छ ।

उक्त मुद्दा मानवाधिकारसम्बन्धी मामिला हेर्ने युरोपेली अदालत (इसिएचआर) मा विचाराधीन छ । विश्वमा निकै महत्त्वका साथ हेरिएको जलवायु परिवर्तनसम्बन्धी पहिलो मुद्दा मानिएको छ । बाँच्न पाउने अधिकार, गोपनीयता, पारिवारिक जीवन र विभेदमुक्त हुन पाउनेसहितका आफ्ना आधारभूत अधिकारहरू जलवायु परिवर्तनसँग जुझ्ने कुरामा सरकारहरूले देखाएको अनिच्छाका कारण मिचिएको उनीहरूको दाबी छ ।

त्यस्तै अमेरिकाको ओरिगनको मल्ट्नोमा काउन्टीले कैयौं तेल र ग्यास उत्पादकहरूविरुद्ध सन् २०२१ मा भीषण गर्मी गराएको भन्दै ५२ अर्ब डलर क्षतिपूर्ति मागसहित मुद्दा दायर गरेको छ । जलवायु परिवर्तनसम्बन्धी इतिहासकै ठूलो कानूनी लडाइँका रुपमा लिइएको यो मुद्दा अहिले पनि विचाराधीन रहेको छ । न्यायालयले काउन्टीको पक्षमा निर्णय गरेमा तापक्रम बढाउन मुख्य जिम्मेवार मानिएका जीवाश्म इन्धन उत्पादन गर्ने दजनौं कम्पनीहरूले क्षतिपूर्ति दिनुपर्ने बाध्यताको सिर्जना मात्र हुँदैन । यस्ता कम्पनीहरुको अस्तित्वमाथि नै गम्भीर प्रश्न खडा हुने बताइएको छ ।

यी दुवै मुद्दालाई अन्तर्राष्ट्रिय विभिन्न सञ्चार माध्यमहरुले प्राथमिकता मात्र दिएका थिएनन्, भावी सन्ततिका लागि विश्वको सुरक्षित भविष्यको सुनिश्चित गर्न जिम्मेवार व्यवहारका लागि सूचनाहरु सम्प्रेषण गरेका थिए । जलवायु परिवर्तनका कारण विश्वका अनेक जटिल समस्याहरुलाई लिएर विभिन्न देशका न्यायालयहरुमा मुद्दाहरु दर्ता हुने क्रम बढ्दो छ र न्यायालयहरुबाट पनि साझा चासो र चिन्ताको जलवायु न्यायको पक्षमा निर्णयहरु भइरहेका छन् । न्यायाधीशहरूमा जलवायु परिवर्तनबारे आएको स्पष्ट दृष्टिकोणका कारण अधिकांश न्यायालयहरुबाट अगामी दिनमा जलवायुमैत्री निर्णय आउने आशा गरिएको छ ।

केही वर्षदेखि वैज्ञानिकहरुले लगातार जलवायु परिवर्तनको असरका बारेमा विभिन्न अनुसन्धानबाट देखिएका निस्कर्षहरुका बारेमा सचेत गराउँदै आए पनि राजनेताहरु भने पछिल्लो समय यस समस्याप्रति गम्भीर देखिएका छन् । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कुनै पनि फोरमहरुमा यस विषयले प्राथमिकता पाउन थालेको छ र पृथ्वीमा तापमान वृद्धि गराउने मुख्य स्रोत जीवाश्म इन्धन भएकाले यसको खपतलाई घटाउँदै लैजानुपर्ने आवश्यकता महसुस हुन थालेको छ ।

**समस्याको पहिचान गर्न सफल कोप २८**

संयुक्त अरब इमिरेट्स ९युएई० मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा अधिकांश देश नवीकरणीय र हरित ऊर्जा उत्पादनलाई बढावा दिँदै जीवाश्म इन्धनको प्रयोगलाई न्यून गर्दै जाने सहमति भएको छ । कोप-२८ मा हालसम्म गरिएका प्रतिबद्धताले सन् २०३० सम्ममा हरितगृह ग्यास उत्सर्जनमा कमी गर्न आवश्यक पर्ने कार्यमा ३० प्रतिशतले मात्र कमी ल्याउने भएको छ ।संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी निकायका अनुसार नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी प्रतिबद्धतामा एक सय ३० देशले हस्ताक्षर गरेका छन् । विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन चीन, विकासशील भारत र प्रमुख ऊर्जा निर्यातकर्ता साउदी अरब र रुसले सम्झौतामा हस्ताक्षर गरेका छैनन् । नवीकरणीय ऊर्जा प्रतिवद्धतापत्रमा २०३० सम्म ११ हजार गिगावाट हरित ऊर्जा क्षमता पुऱ्याउने लक्ष्य राखिएको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए)ले २०२२-२०२७ बीचमा नवीकरणीय ऊर्जाले विश्वको ऊर्जा क्षमतामा ९० प्रतिशतभन्दा विस्तार हुने जनाएको छ। नवीकरणीय ऊर्जाको बढोत्तरी गर्दै गएर सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको नीतिलाई व्यावहारिकरूपमा लागू गर्नसमेत सहभागी राष्ट्र तयार देखिएका छन् । नवीकरणीय ऊर्जा करिब दुई हजार चार सय गिगावाट हुनेछ, यो भनेको चीनले आज उत्पादन गरेको सम्पूर्ण ऊर्जा क्षमता हो । हिजो जीवाश्म इन्धनको अत्यधिक उपयोग गर्ने चीन, युरोपियन युनियन, अमेरिका, भारतले हालको नीति र बजारमा परिवर्तन गरेका कारण यो सम्भावना बढेको ऊर्जाविद्हरु बताउँछन् ।

विकाशोन्मुख देशहरु मात्र होइन, विश्वका औद्योगिक मुलुकहरुमा पनि सौर्य, वायु, जलविद्युत् र जैविक इन्धन भविष्यको ऊर्जाको मुख्य स्रोत हुनेछ । 'क्लाइमेट एक्सन' का अनुसार जीवाश्मको योगदान अझै पनि विश्वव्यापी ऊर्जा उत्पादनमा ८० प्रतिशत बढीमा छ । विश्वव्यापी रूपमा हाल करिब २९ प्रतिशत विद्युत् नवीकरणीय स्रोतबाट प्राप्त भइरहेको छ । विश्व जनसङ्ख्याको करिब ८० प्रतिशतभन्दा बढी मानिस जीवाश्म इन्धनमा निर्भर छन् । अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीले सन् २०५० सम्ममा विश्वको ९० प्रतिशत विद्युत् नवीकरणीय ऊर्जाबाट आउने अनुमान गरेको छ ।

आठ वर्षअघि मात्रै पेरिस जलवायु सम्झौतामा हस्ताक्षर हुँदा कोइला, तेल र ग्यासको कतै पनि चर्चा भएको थिएन । सन् २०१५ को पेरिस सम्झौताले बढ्दो खडेरी, आँधीबेहरी र समुद्रको सतह वृद्धिलगायत जलवायु परिवर्तनको सबैभन्दा खराब विनाशबाट बच्न विश्वव्यापी तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी नराख्ने महत्त्वाकांक्षा राखेको थियो ।

कोप-२८ को सचिवालयका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट बच्न सन् २०३० सम्म कार्बन उत्सर्जनलाई झण्डै आधाले घटाउने विषयमा पनि सहभागी राष्ट्रहरुको समान मत छ । कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण विश्वव्यापी रूपमा जलवायु परिवर्तनको असर परेको छ । हरितगृह ग्यास उत्सर्जनमा जीवाश्म इन्धनको भूमिका ७५ प्रतिशत बराबर छ । जीवाश्म इन्धनको निर्भरता कम गर्दै स्वच्छ, पहुँचयोग्य, किफायती, दिगो र भरपर्दो ऊर्जाको वैकल्पिक स्रोतमा थप लगानीको आवश्यकता बढेर गएको छ ।

यस विश्व जलवायु सम्मेलनले जीवाश्म इन्धन प्रयोगको विकल्प खोजी गर्न देशहरूलाई आग्रह गर्ने सहमतिसहति पारित गरेको २१ पृष्ठ लामो सहमति कानुनी रूपमा भने बाध्यकारी छैन । तर यसले जलवायु परिवर्तनको चुनौती सामना गर्न देशहरूलाई मार्गदर्शन भने गर्नेछ । सहमतिमा देशहरूले जीवाश्म इन्धनको विकल्पतर्फ जान 'न्यायपूर्ण, प्रक्रियाबद्ध र समतामूलक योगदान गर्नेछन्' भनिएको छ । पहिलो पटक जलवायु सम्मेलनमा लिखितरूपमा कोइला, तेल र ग्यासजस्ता इन्धनहरूबारे प्रतिबद्धता जनाइएको छ ।

सम्मेलनमा सहभागी देशका सरकार प्रमुखहरू र तेल र ग्यास उद्योगहरूबीच नवीकरणीय ऊर्जालाई तीन गुणा वृद्धि गर्ने र सन् २०३० सम्ममा मिथेन ग्यास उत्सर्जनमा तीव्र कटौती गर्ने गैर-बाध्यकारी प्रतिज्ञा गर्न सहमत देखिएका थिए । करिब ५० इन्धन कम्पनीले मिथेनको उत्सर्जन शून्य गर्ने र सन् २०३० सम्ममा नियमित उत्सर्जनलाई अन्त्य गर्ने वाचा गरेका छन् । अत्यधिक शक्तिशाली तर तुलनात्मकरूपमा कार्बन डाइअक्साइडपछि दोस्रो मानिने अल्पकालीक मिथेन ग्यास अहिले हुने हरितगृह ग्यास उत्सर्जनबाट तापक्रम वृद्धिका लागि लगभग एक-तिहाई नतिजाको लागि जिम्मेवार छ । ऊर्जा उत्पादनको अतिरिक्त, पशु कृषि मिथेनको एक प्रमुख स्रोत हो ।

**तत्कालीन विकल्पको खोजी**

पृथ्वीको तापक्रम बढ्दै जाँदा त्यसबाट निम्तिन सक्ने खराब अवस्थाहरू आउन नदिन संयुक्त राष्ट्रसङ्घका वैज्ञानिकहरूले हालै मानिसहरूले गर्नुपर्ने योजनासहित विभिन्न सुझावहरु सार्वजनिक गरेका छन् । राष्ट्रसङ्घको वातावरणीय निकाय इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज आइपिसिसीका अनुसार मानिसहरूले जलवायु परिवर्तनको जोखिमबाट जोगिनका लागि खनिज इन्धनको प्रयोग कम गर्नुको अर्को बलियो विकल्प नभएको बताएका छन् । पृथ्वीको तापक्रम बढ्न नदिन ऊर्जा उत्पादनका लागि कोइलाको प्रयोगलाई सदाका लागि बन्द गर्नुपर्छ ।

त्यसैगरी कार्बन उत्सर्जन कटौती गर्न एकदमै अप्ठ्यारो हुँदै गर्दा अनुसन्धानकर्ताहरू उपयुक्त समाधानका निम्ति फेरि प्रविधिको भूमिकामा जोड दिनुपर्ने बताउँछन् । आवास, आवागमन र पोषणजस्ता क्षेत्रमा मानिसहरूको ऊर्जाको मागलाई कटौती गर्न सकिने उपायहरूको खोजी हुनु पर्नेमा पनि उनीहरुको जोड रहेको छ । धनी मानिसहरूको व्यवहारका कारण पृथ्वीको अवस्थामा ठूलो प्रभाव परेकाले उनीहरुको व्यवहारमा परिवर्तन हुन आवश्यक छ । अहिले खनिज इन्धनका सम्बन्धमा भइरहेको पैसाको प्रवाह स्वच्छ ऊर्जाका निम्ति भइरहेको दाँजोमा एकदमै धेरै भएकाले खनिज इन्धनको खपतका निम्ति दिइरहेका अनुदानहरू बन्द गर्नु पर्ने हुन्छ । (विभिन्न एजेन्सीहरुको सहयोगमा) रासस

# ब्रोकर कार्यालयमा लगानीकर्ताको भीड बढ्दै

**टुडे समाचारदाता**

नेपालगञ्ज। शेयर बजार (बुल) उकालो लाग्ने सम्भावना देखिएपछि मोफसलमा रहेका ब्रोकर कार्यालयमा लगानीकर्ताको भीड बढ्न थालेको छ। ब्रोकर खाता र डिम्याट खाता खोल्न, शेयर कारोबार गर्न र शेयरका विभिन्न विषयमा जानकारी लिन उनीहरूको भीड बढेको इम्पेरियल सेक्युरिटिज कम्पनी लि (४५) नं ब्रोकर कार्यालयले जनाएको छ।




विभिन्न कलेजमा अध्ययन गर्ने बाँके जिल्ला व्यवस्थापन सङ्कायका विद्यार्थी, गृहिणी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, व्यवसायी तथा व्यापारीको शेयर बजारप्रति आकर्षण बढ्न थालेको हो। "अहिले पछिल्लो समय भीडभाड बढ्दै जान थालेको छ", उक्त कार्यालयका प्रमुख उदय अधिकारीले भने। उनले शेयर बजारमा लगानी गर्न कतिपय लगानीकर्ताले शेयर कर्जा लिएर लगानी गरेको उल्लेख गर्दै विगतमा रु एक करोड ४५ लाख कारोबार भएको ब्रोकर कार्यालयमा रु पाँच करोडको हाराहारीमा शेयर कारोबार भइसकेको बताए।

बुलिस टाइममा प्राथमिक बजार (आइपिओ) निष्काशन हुँदा त्यसले बजारमा सकारात्मक प्रभाव पार्ने तर्क गर्दै प्रमुख अधिकारीले विगतमा आइपिओले बजारलाई प्रभावित गरेको टीप्पणी गरे। अहिले पनि प्राथमिक बजार (आइपिओ) मा लगानी गर्न सिकेर दोस्रो (सेकेण्डरी) बजारमा पनि नयाँ लगानीकर्ता प्रवेश गर्न थालेका छन्। यस क्षेत्रको सो ब्रोकर कार्यालयमा शेयर बजारमा लगानी गर्न बाँकेबाहेक, बर्दिया, सुर्खेत, जाजरकोट, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, सल्यानलगायत जिल्लाबाट लगानीकर्ता नेपालगञ्ज आउने गरेका छन्।

नेपालगञ्जका पुराना लगानीकर्ता विकास भट्टराईले बजार बुलिस हुने सम्भावना बलियो भएकाले ब्रोकर कार्यालयमा चहलपहल बढन थालेको उल्लेख गर्दै लगानीकर्तालाई बलियो कम्पनीमा लगानी गर्न आग्रह गरे। उनले शेयर बजारमा ट्रेड गर्ने ट्रेडरले प्राविधिक पक्ष हेरेर मात्रै छोटो अवधिका लागि लगानी गर्ने र त्यसबाट नाफा लिने जानकारी दिँदै बजारका लागि सबै माहोल सकारात्मक बनेको बताए।

भरोसा म्यानेजमेन्ट कन्सल्टेसीका प्रमोटरसमेत रहनुभएका भट्टराईले शेयर बजार जोखिमको क्षेत्र भएकाले स्वअध्ययन गरेर मात्रै बलियो कम्पनीमा लगानी गर्नुपर्ने जानकारी दिए। लगानीकर्ता पारस तिमिल्सिनाले बजारमा अहिले पनि पर्ख र हेरको नीति भएको औँल्याउँदै सानो आकारमा लगानी बढाइएको बताए। करिब ३५ हजार शेयर कारोबार गर्ने लगानीकर्ता भएको एम्पेरियलमा २७ हजार सक्रिय शेयर कारोबार भएको बताइएको छ। यसबाहेक कालिका सेक्युरिटिज प्रालिले पनि नेपालगञ्जमा शेयर कारोबार गर्दै आएको छ।

# नेपालमा अण्डा र मासुको खपत कम

**टुडे समाचारदाता**

चितवन। नेपालमा अण्डा र कुखुराको मासुको खपत कम हुने गरेको छ। विकसित देशको तुलनामा नेपालमा कुखुराको अण्डा र मासु खपत कम हुने गरेको नेपाल कुखुरा व्यवसायी मञ्चले जनाएको छ।

मञ्चका अनुसार विकसित मुलुकमा वार्षिक चार सय ३३ सम्म अण्डा खपत हुँदा नेपालमा ६१ मात्रै खपत हुने गरेको छ। चीनमा चार सय ३३, जापानमा तीन सय ९७, अमेरिकामा तीन सय २२ अण्डा वार्षिक प्रतिव्यक्ति खपत हुने गरेको छ।

यस्तै क्यानडामा तीन सय दुई, बङ्गलादेशमा ८०, भारतमा ७९ र पाकिस्तामा ७२ प्रतिव्यक्ति अण्डा खपत हुने गरेको मञ्चले जनाएको छ। मञ्चका अध्यक्ष रघुनाथ भट्टका अनुसार कुखुराको मासुको खपतमा समेत नेपाल निकै तल रहेको छ। विकसित मुलुकमा वार्षिक प्रतिव्यक्ति मासु ७४ दशमलव सात किलोसम्म खपत हुँदा नेपालमा सात दशमलव ५७ प्रतिशत मात्र खपत हुने गरेको छ।

सेन्टभिन्सेन्ट ग्रेनडाइन्समा ७४ दशमलव सात किलो खपत हुने गरेको छ। यस्तै इजरायलमा ६८ दशमलव नौ किलो, सामोआमा ६५ दशमलव सात किलो, ट्रिनिडाड टोवागोमा ६३ दशमलव एक किलो, एण्टीगुवा वारबुडामा ६१ दशमलव आठ किलो, अमेरिकामा ५८ दशमलव सात किलो प्रतिव्यक्ति प्रतिवर्ष कुखुराको मासु खपत हुने गरेको उनले जानकारी दिए।



यस्तै सेन्ट लुसियामा ५७ दशमलव छ किलो र हङ्कङमा ५५ दशमलव पाँच किलो वार्षिकरुपमा प्रतिव्यक्ति मासु खपत हुने गरेको छ। कुखुराको अण्डा र मासुमा मानव शरीरलाई आवश्यकपर्ने पौष्टिक तत्व पर्याप्तमात्रामा पाइने भए पनि नेपालमा खपत कम हुने गरेको छ। नेपालमा दैनिक अण्डा अत्पादनको क्षमता ६० लाख वटा भए पनि हाल ३० देखि ३२ लाख मात्र उत्पादन हुँदै आएको छ। मासु उत्पादनको क्षमता दैनिक १० लाख किलो भए पनि हाल छ लाख किलोमात्रै उत्पादन हुँदै आएको भट्टले जानकारी दिए।

उहाँका अनुसार देशको कूल गार्हस्थ उत्पादनको तीन दशमलव पाँच प्रतिशत हिस्सा ओगटेको यस क्षेत्रमा रु एक खर्ब ६० अर्ब लगानी भएको अनुमान गरिएको छ। यसमा चार लाख ५० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी पाइरहेको मञ्चले जनाएको छ।

यस पेसाले आयात प्रतिस्थापन गर्दै आम देशवासीलाई सबैभन्दा सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त मासु तथा अण्डा उपलब्ध गराउँदै आएको मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछानेले बताए। कुखुराको मासु र अण्डा मानव स्वास्थ्यका लागि उपयुक्त खाद्यान्न मानिन्छ। चिकित्सकले पनि रातो मासुभन्दा सेतो मासु र अण्डा खान सुझाव दिँदै आएका छन्।

कुखुराको मासु र अण्डामा कुनै मिसावट नहुने, चिल्लोको मात्रा कम, प्रोटिनको मात्रा बढी हुने, पकाउन सजिलो, पचाउन सहज हुने, युरिक एसिड, मुटु रोगीका बिरामीलाई समेत उपयोगी हुने, कुनै पनि प्रकारको मिसावट हुन नसक्ने, सहजरुपमा आवश्यकताअनुसार पाउन सकिने चिकित्सक बताउँछन्। यस्तै सस्तो मूल्यमा पाउन सकिने, जुनसुकै उमेर समूहका मानिसको समेत रुचिको खानेकुरा नै कुखुराको मासु र अण्डा भएको लामिछाने बताउछन्।

मञ्चले ११औँ राष्ट्रिय पोल्ट्री दिवस, २०८० अवसरमा जारी गरेको सूचनामा कुखुराको मासु र अण्डाले कुपोषण हुनबाट बचाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको जनाइएको छ। विसं २०१७ पुस १७ गते बाराको परवानीपुर सेन्ट्रल ह्याचरीको उद्घाटनपछि नेपालमा आधुनिक पोल्ट्रीको सुरुआत मानिँदै आएको छ। दिवसलाई मञ्चले सप्ताहव्यापीरुपमा मनाउँदै आएको छ।

यसवर्ष 'कुखुराको अण्डा र मासुको परिकार, स्वस्थ जीवनको आधार' भन्ने मूल नाराका साथ विशेष गरी स्कुलमा अध्ययनरत विद्यार्थीलाई अण्डा र कुखुराको मासुको महत्वबारेमा जानकारी गराइएको छ। यस क्रममा २६ सरकारी विद्यालयका एक हजार नौ सय ४७ विद्यार्थीलाई अण्डा र मासुको महत्वबारे जानकारी गराइएको छ।

यस्तै कार्यक्रमअन्तर्गत यही पुस १७ गते बिहान मञ्चको कार्यालयबाट प्रभातफेरी, भरतपुर महानगरपालिका-२ मा रक्तदान, सोही स्थानमा कुखुराको मासु र अण्डाका बारेमा जानकारी दिनका लागि एकदिने 'चिकेन एण्ड एग फुड फेष्टिवल'को आयोजना गरिएको मञ्चले जनाएको छ।

# तरकारीखेतीमा मुक्तकमैया

**टुडे समाचारदाता**

कञ्चनपुर। शुक्लाफाँटा नगरपालिका- ८ नौखरी मुक्तकमैया शिविरका महादेव चौधरीले व्यावसायिक तरकारी खेती गरेर राम्रो आम्दानी गर्दै आएका छन्। एक दशक अघिदेखि चौधरी तरकारी खेतीमा संलग्न हुँदै आउनुभएको हो। चौधरीको स्वामित्वको पाँच कठ्ठा जग्गा मात्रै छ। थप पाँच कठ्ठा जग्गा रु १० दश हजार वर्षको तिर्ने गरी भाडामा लिनुभएको छ। भाडामा लिएको र आफ्नो स्वामित्वको गरी १० कठ्ठा जग्गामा उनले बाह्रैमहिना तरकारी खेती मात्रै गर्नुहुन्छ। वर्षमा तरकारी बेचेर रु सात देखि रु १० लाखसम्म आम्दानी हुन्छ। खर्च कटाएर रु सात लाख बचत हुने गरेको छ।



"तरकारी खेतीबाट कमाइ गरेको रकमले गाउँमा पक्की घर ठड्याएको छु" उनले भने, "छोरालाई वैदेशिक रोजगारीमा पठाउन सकिएको छ, तरकारी बजारसम्म पुऱ्याउन र यात्रु बोकेर कमाइ गर्न अटो खरिद गरेको छु, आठ जनाको परिवारको घरखर्च सबै तरकारी खेतीबाटै व्यहोरिन्छ।" शीत तुसारो, हुस्सु, घाम, पानी लगायतबाट बिग्रने र बेमौसमी तरकारी प्लाष्टिकघरभित्र लगाउँदै आएको उनले बताए।

अरु मौसमी तरकारी प्लाष्टिकघर बाहिरै उत्पादन हुने गरेको छ। चौधरीको बारीमा अहिले काउली, बन्दा, गोलभेडा, खुर्सानी, हरियो सागपात रोपिएको छ। अहिलेसम्म उनले रु ६० हजार बढीको काउली र गोलभेडा मात्रै बिक्री गरेको बताए। तरकारी खेती गर्नुअघि महादेवले मजदुरी गरेर जीविका चलाउनुहुन्थ्यो। तरकारी खेती गरेपछि जीवनशैली नै परिवर्तन भएको उनी बताउछन्।

"मजदुरी गर्दा घरखर्च चलाउन मुस्किल हुन्थ्यो" उनले भने, "साहुको ऋण लाग्ने गर्दथ्यो, साहुको ऋण तिर्नेकि परिवार पाल्ने भन्ने पिरलो सधैँ हुन्थ्यो, अहिले तरकारी खेती गरेपछि ऋण लागेको छैन, परिवारको खर्च सहज रुपमा चलेको छ।"

महादेव जस्तै मुक्तकमैया बस्तीका २७ परिवार अहिले व्यावसायिक तरकारी खेतीमा संलग्न रहेका छन्। तरकारी खेतीबाट गतिलो आम्दानी घरमै बसीबसी हुन थालेपछि यसलाई निरन्तरता दिँदै आएको स्थानीय मिसालु चौधरीले बताए।

पाँच कठ्ठा जग्गामा गोबरमलको प्रयोग गरी काउली, गोलभेडा, आलु रोपेका छौँ" उनले भने "हाताहाती घरबाटै बिक्री भइरहेको छ, अर्ग्यानिक तरिकाले उत्पादन भएको तरकारी भएकाले बजार मूल्य भन्दा बढीमा बिक्री हुँदै आएको छ।" वार्षिक तरकारी बिक्रीबाट मात्रै रु दुई लाख आम्दानी हुने गरेको उनले सुनाए। कमैयाबाट मुक्ति पाएपछि सरकारले पुनःस्थापन गराउँदा कमाउने साधन केही नभएर अधिकांस परिवार मजदुरी गर्न बाध्य भएका थिए। अहिले अधिकांस परिवारले व्यावसायिक कार्य गर्न थालेपछि मजदुरी गर्न छाड्दै जाने बढ्न थालेको स्थानीय भागिराम चौधरीले बताए।

उनले भने, "केही व्यावसायिक तरकारी खेतीमा संलग्न छन्, केही डकर्मी, सिकर्मीको काम गर्छन्, कोही प्लम्बर र विद्युत् वाइरिङको काम गर्छन्।" व्यावसायिक कार्य गर्ने मुक्तकमैया परिवारलाई मुक्तकमैया महिला विकास मञ्च नाम गैरसरकारी संस्थाले सघाउँदै आएको छ। मञ्चले मुक्तकमैयालाई व्यावसायिक खेती गर्न तालिम दिने, बीउबिजन, प्लास्टिक टनेल, प्राविधिक सहयोगसँगै तरकारी बजारसम्म पुऱ्याउनका लागि साइकल उपलब्ध गराएको छ। यसैगरी हाँस कुखुरापालन, बङ्गुरपालन तालिम ड्राइभिङ तालिम र खोर निर्माणमा सहयोग गरेको छ।

व्यावसायिक तरकारी खेतीका लागि १२ जनालाई पोलिहाउस, ५० जनालाई घरबगैँचा सहयोग, व्यवसाय स्थापनाका लागि तीन जना र पाँच जनालाई साइकल सहयोग गरिएको मञ्चका कार्यक्रम संयोजक इन्द्र चौधरीले बताए। मुक्तकमैयालाई उद्यमी बनाउन रु २५ लाख ४३ हजार तीन सय ७८ रकम खर्च गरिएको मञ्चले जनाएको छ।

नगरपालिकाले मुक्तकमैया परिवालाई तरकारी खेतीतर्फ डोऱ्याउनका लागि रासायनिक मल, बीउबिजनसँगै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।"मुक्तकमैया परिवार लक्षित गरी अनुदान कार्यक्रम सञ्चालन गरिएपछि व्यावसायिक खेती गर्नेहरु बढेका छन्" नगरपालिकाको कृषि शाखा प्रमुख करनसिंह बुढाएरले भने, "मुक्तकमैया परिवारको विगतको भन्दा आर्थिक अवस्थामा सुधार भई स्वरोजगार हुँदै गएका छन्।"

# 'सुन बेचेर सुन्तला लगाएँ, सुनै फलाएँ'

**टुडे समाचारदाता**

बेनी। बेनी नगरपालिका-४ बास्कुनाकी तिलकुमारी हुमेनले खेतवारी बाँझो रहन थालेपछि सुन बेचेर सुन्तलाखेती गरेकी थिईन्। धान उत्पादन राम्रो नहुने र बाँझो जग्गा रहन थालेपछि हुमेनले करिब २५ वर्षअघि तीन तोला सुनको गरगहना बेचेर सुन्तलाको बगैँचा स्थापना गरेकी हुन्। घरमा काम गर्ने जनशक्ति नभएको र आम्दानीको स्रोत पनि नभएकाले हुमेनले गरगहना बेचेर दैनिक ज्यालादारीमा मजदुर परिचालन गरी खेतमा खाडल खन्ने र सुन्तला लगाएको बताईन्।



सुन बचेर सुन्तलाखेती गर्नुभएकी ६८ वर्षीय हुमेनको परिवारको जीवनस्तर अहिले सुन्तला खेतीबाटै फेरिएको छ। "सुन बेचेर सुन्तला लगाएको थिएँ, सुन्तलाले सुनै फलाए जस्तो भयो मलाई, सुन्तलाकै आम्दानीले बेचेको सुन पनि फर्काएँ, यसैको आम्दानीबाट घरखर्च सहजै चलेको छ", हुमेनले भनीन्। अहिले सबै परिवारको मुख्य आम्दानीको स्रोत सुन्तलाखेती रहेको उनको भनाइ छ। कान्छो छोरासँगै बसोबास गर्दै आएका हुमेन र उनका दुई छोराको सुन्तला बगैँचामा अहिले करिब चार सय बढी बोट रहेका छन्।

हरेक वर्ष रु आठदेखि १० लाखसम्म सुन्तला बिक्री हुने गरेको हुमेन परिवारको भनाइ छ। "खेतमा धान राम्रो फल्ने थिएन, एक नातेदारले सुन्तला लगाउन सल्लाह दिएका थिए, उनले पनि खेतबारीमा सुन्तलाखेती लगाएको देखेर, मैले पनि लगाएको हुँ पछि गाउँभर नै सुन्तलाखेती विस्तार भयो, अहिले हाम्रो गाउँ बास्कुनाबाट सुनकुना भएको छ भन्दा हुन्छ"-उनले थप्नुभयो। यहाँ रहेका बास्कुना, सुर्केमेला र थामडाँडाका चालिस घरधुरीले आठ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरेका छन्।

हरेक घरमा व्यावसायिक सुन्तला खेतीको लहर चलेको छ। दुई वर्षअघि बालमखोला सिँचाई आयोजना निर्माण भएपछि सिँचाइ सुविधा पुगेर सुन्तलाखेती थप फस्टाउँदै गएको स्थानीयवासी बताउँछन्। यहाँ उत्पादन भएको सुन्तला बगैँचाबाटै बिक्री हुने गरेको छ। पोखरा र काठमाडौँको व्यवसायी यहाँका सुन्तला बगैँचामै पुगेर खरिद गर्छन्। सुन्तला फल्न थालेको सुरुवाती चरणमा पोखरा र काठमाडौँसम्म आफैँले ढुवानी गरेर बिक्री गर्नुपरे पनि पछिल्लो समय भने व्यवसायी बगैँचामै आएर सुन्तला खरिद गर्न थालेका छन्। यसबाट सहज भएको स्थानीय अगुवा किसान दलबहादुर कार्कीले बताए।

'सुन्तला नपाक्दै पेश्की रकम लिएर व्यवसायी गाउँमा आउँछन्, यहाँका अधिकांश बगैँचा ठेकेदारले पेश्की लगाएका छन्, जति उत्पादन भए पनि बजारको अभाव छैन''-उनले भने। यो वर्ष सुन्तलाको उत्पादन घटेपनि फलको गुणस्तर राम्रो भएकाले विगतको तुलनामा केही बढी मूल्य किसानले हात पारेका छन्। गतवर्ष प्रतिकिलो रु ७२ मा सुन्तला बिक्री गरेकामा यो वर्ष प्रतिकिलो रु ८० मूल्य पाएको किसान कार्कीले जानकारी दिए। बास्कुनामा यस वर्ष सुन्तलाको न्यूनतम मूल्य निर्धारण गरेर सुन्तला बिक्री गर्न थालिएको छ।

मूल्यमा एकरुपता कायम गर्न, किसानको सहजता र सस्तोमा सुन्तला बेच्नुपर्ने समस्या हटाउन वडाका जनप्रतिनिधि र किसान समूहले मूल्य निर्धारण गरेको किसानसमेत रहेका बेनी नगरपालिका-४ का वडा सदस्य सन्दीप खत्रीले जानकारी दिए। बास्कुना, सुर्केमेला र थामडाँडाका चालिस घरधुरीले गतवर्ष रु एक करोड मूल्य बराबरको सुन्तला निकासी गरेकोमा यसवर्ष फल कम लागेकाले रु ७५ देखि ८० लाख बराबरको सुन्तला निकासी हुने अनुमान गरिएको वडा सदस्य खत्रीले बताए।

# सुन्तला बोटबाटै बिक्री

**टुडे समाचारदाता**

भरतपुर। पृथ्वी राजमार्गको मुग्लिनदेखि फिस्लिङसम्म यतिबेला प्रशस्तै सुन्तला बिक्रीका लागि राखिन्छ। यो राजमार्ग भएर यात्रा गर्नेहरुले यहाँको सुन्तला किन्ने र मिठो मानेर खाने गर्दछन्। बिक्रीका लागि राखिएका सुन्तला चितवनको इच्छाकामना गाउँपालिकामा उत्पादन हुन्छ। यसबाहेक यहाँ गोरखा र तनहुँका विभिन्न क्षेत्रबाट सुन्तला ल्याएर बिक्री गरिन्छ।



इच्छाकामनामा उत्पादन भएका सुन्तला रसिलो हुने भएका कारण ग्राहकको रोजाइमापर्ने हुँदा किसानलाई सुन्तला बिक्रीको चिन्तै छैन। उनीहरुको बोटबाटै सुन्तला बिक्री हुँदै आएको छ। वडा नं ३ को माथिल्लो डुँडेका किसान कुसुम गुरुङ आफ्नो बगैँचामा सानो दाना भए पनि सुन्तला निकै रसिलो र गुलियो रहेको बताउछन्। उनी भन्छन्, "सुन्तलामा कुनैपनि औषधि प्रयोग नगरिएको र प्राङ्गारिक मल मात्रै प्रयोग गर्ने गरेका छौँ।" गतवर्ष झण्डै रु तीन लाख बराबरको सुन्तला बिक्री गरेका गुरुङको बगैँचामा सुन्तलाको उत्पादन राम्रो छ। बोटबाटै किन्नका लागि व्यापारी आइरहेकाले राम्रो मूल्य पाएपछि बिक्री गर्ने तयारीमा रहेको उनको भनाइ थियो।

तल्लो डुँडेका किसान वीरबहादुर गुरुङ रातो माटो भएको ठाउँका सुन्तलाको स्वाद मिठो हुने गरेको बताउछन्। उनी रसिलो सुन्तला भएकै कारण किन्न आउने व्यापारीको लर्को लाग्ने गरेको बताउछन्। "यहाँ उत्पादन भएको सुन्तला बिक्रीका लागि कुनै चिन्ता छैन,उनी भन्छन्, "बोटबाटै सुन्तला ठेक्कामा दिन्छौँ।" गत वर्ष रु पाँच लाख ५० हजार बराबरको सुन्तला बिक्री गरेका गुरुङको बारीमा चार सय पचास सुन्तलाका बोट छन्।

बजारमा पाइने रसिलो र मिठो सुन्तला इच्छाकामनाको भएको गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ बताउछन्। "सुन्तला खाने मान्छेलाई थाहा छैन, राजमार्गमा विभिन्न ठाउँको भनेर बिक्री गर्ने गरिएको छ, उनी भन्छन्, "गाउँपालिकाले यहाँको सुन्तलाको प्रवर्द्धन र बजारीकरण गर्न थालेको छ। यहाँ बजारको समस्या नभएका कारण पनि सुन्तला खेतीतर्फ किसानको आकर्षण बढेको हो। पहिला झाडीमा परिणत भएका जमिनमा किसानले सुन्तलाखेती गरेका छन्। अहिले भिरपाखामा सुन्तला लगाउन थालिएको छ।"

गाउँपालिकाकी उपप्रमुख माया सिलवाल इच्छाकामनामा उत्पादन भएको सुन्तला सानो खालको चिल्लो दाना भएको बताउछन्। यहाँ उत्पादन भएको सुन्तलाको रङ्ग पनि राम्रो भएको र अधिकांश सुन्तला यहाँकै बिक्री हुन्छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसाल यहाँको सुन्तलालाई देशव्यापी रुपमा चिनाउने गरी प्रवर्द्धन गर्न थालिएकाले गाउँपालिकाले नर्सरी स्थापना गर्ने तयारी गरेको उल्लेख गर्नुहन्छ। "सुन्तला बिक्री भएन भने गाउँपालिकाले सहजीकरण गरे बिक्री गरिदिन्छ, अधिकृत भुसाल भन्छन्, फिस्लिङ तरकारी केन्द्रमा कोल्डस्टोर समेत सञ्चालनमा आइसकेको छ।"

गाउँपालिकाको झण्डै ८० हजार हेक्टर जमिनमा सुन्तलाखेती गरिएको छ। त्यसमध्ये ६० हेक्टर जमिनमा सुन्ताला उत्पादन भएको छ। अहिले किसानको बारीबाट रु ७५ देखि ९० सम्ममा सुन्तला बिक्री हुने गरेको छ। गाउँपालिकाका कृषि शाखा प्रमुख आशिष त्रिपाठी मङ्सिरको पहिलो सातादेखि यस क्षेत्रको सुन्तला बजारमा पठाउन थालिएको बताउछन्।

गाउँपालिका-३ को तोकदाङ, ढाप, माझगाउँ, सिरनागाउँ, तल्लाडुँडे, र माथिल्लो डुँडे, वडा नं ५ को तामिन, साठिमुरे, ठङरङ, पामडाँडा र वडा नं २ को तल्लो काउलेमा सुन्तला राम्रो उत्पादन हुने गरेको छ। यहाँ उत्पादन भएको सुन्तला मुग्लिन, केबुलकार, कुरिनटार, र फिस्लिङमा बिक्रीका लागि राख्ने गरिएको छ। फिस्लिङको तरकारी तथा फलफूल बिक्री केन्द्रबाट होलसेलमा नारायणगढ, काठमाडौँ, पोखरालगायत सहरमा सुन्तला पठाउने गरिएको छ।

**सुन्तलाको प्रवर्द्धन गर्न महोत्सव**

गाउँपालिकाले सुन्तला प्रवर्द्धनका लागि महोत्सव आयोजना गर्दैछ। यही पुस १६ गतेदेखि १८ गतेसम्म महोत्सव आयोजना गरिएको गाउँपालिका अध्यक्ष गुरुङ बताउछन्। महोत्सवमा तीन दिनसम्म सुन्तलासँग सम्बन्धित गतिविधि हुने उहाँको भनाइ छ। फिस्लिङको शक्तिखोर सडकमा पर्ने माझगाउँमा महोत्सव आयोजना गरिँदैछ। सुन्तला खान आउँदा यहाँका पर्यटकीयस्थलको समेत अवलोकन गर्न पाइनेछ। अध्यक्ष गुरुङ भन्छन्, "यहाँबाट सबैभन्दा लामो हिमशृखंला देख्न सकिन्छ। महोत्सवमा यहाँका रैथाने बालीका परिकार खुवाइन्छ।"


**युनिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**जनकपुरधाम-१, भानु चोक, धनुषा**

**ऋण बुझाउने ३५ दिने सार्वजनिक सूचना**

यस युनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्ने हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत ऋणीले तिर्न बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज, हर्जाना र दै दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता बुझाउन आउने यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज तथा हर्जाना समेत बुझाउन हुन सम्बन्धित ऋणीलाई सुचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिदा यस संस्थालाई लेखाई दिएको धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेनी रकम असुल उपर नभएमा ऋणीको एका घरसैगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ति वा ऋण दिदा जमानि दिनेको नाममा रहेको वा निजहरुको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरिलिने तथा ऋणीको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सुचित गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | फोटो |
|---|---|
| ऋणीको नाम : कुमारी अनिता सिंह<br>पतिको नाम : राकेश कुमार सिंह<br>ससुराको नाम : रमापति प्रसाद सिंह<br>ठेगाना : कोइलाडी-१, सप्तरी<br>(हाल जनकपुरधाम उ.म.न.पा.) |  |

# माइजुको २० लाख लिएर भान्जा फरार

ओम प्रकाश यादव

गरुडा । रौतहटमा एक जना भान्जाले माइजुको २० लाख रुपैयाँ लिएर फरार भएका छन् ।

नातामा भान्जा लाग्ने कटहरिया नगरपालिका-१ भसेढवाका मोतिलाल यादवसहित दुई जनाले बैंकबाट आफ्नो नाममा २० लाख रुपैयाँ ऋण निकालेर सम्पर्कविहीन भएका छन् । फतुवा विजयपुर नगरपालिका-४ टेङ्ग्राहाका इनरदेव राय यादवकी पत्नी लालसर देवीले भान्जाले आफ्नो २० लाख रुपैयाँ लिएर फरार भएको आरोप लगाएकी छन् ।

नेपाल बैंक लिमिटेड समनपुर शाखाबाट एक वर्षअघि आफ्ना नाममा २० लाख रुपैयाँ ऋण निकालेर आफूलाई एक रुपैयाँ समेत नदिएको र सम्पर्कविहीन भएको पीडित लालसर देवीले गुनासो गरेकी छन् ।

एक वर्षअघि गाउँघरका साहु महाजनको ऋण तिर्न आफूले बैंकबाट ऋण लिने लालसर देवीले निधो गरिन । घर घडेरी वा जग्गा बेचेर ऋण तिर्नु भन्दा राम्रो कुनै बैंकबाट ऋण निकालेर साहु महाजनको कर्जा चुक्ता गर्दा आफनो घर, घडेरी वा जग्गा बेच्नु नपर्ने भएको हुँदा आफूले बैंकबाट नै ऋण निकालेर साहुको ऋण तिर्ने सोच बनाएको उनले बताइन ।



तर कुनै पनि बैंकमा आफनो सम्पर्क नरहेकोले ऋण निकालिदिन नातामा भान्जा पर्ने भसेढवाका मोतिलाल यादवलाई आफूले आग्रह गरेको उनले बताइन ।

त्यसपछि भान्जा यादवले गुजरा नगरपालिकाकाका उमाशंकर तिवारी मार्फत ऋण निकाल्नका लागि आफूलाई नेपाल बैंक लिमिटेडको शाखा कार्यालय समनपुरमा लिएर गएको र सो बैंकबाट २० लाख रुपैयाँ ऋण निकाल्न आफना १३ कठ्ठा जग्गा धितो राख्न लगाएको उनले बताइन ।

यादव र तिवारीले भनेअनुसार २० लाख रुपैयाँ ऋण पाउनका लागि आफूले धितो वापत १३ कठ्ठा जग्गा बैंकको नाममा रजिष्ट्रेसन पास गर्नुको साथै खाता खोल्ने देखि लिएर अन्य बाँकी सबै कागजी प्रक्रिया पुर्‍याइदिएको उनले बताइन ।

तर उक्त बैंकबाट यादव र तिवारी दुबै जना मिलेर आफ्नो २० लाख रुपैयाँ ऋण निकालेर आफूलाई थाहा समेत नदिइ ठगी गरेको पीडित लालसरले बताइन् ।

नेपाल बैंक लिमिटेड शाखा कार्यालय समनपुरले उक्त २० लाख रुपैयाँ ऋणको साँवा र ब्याज तिर्न आफना घरमा पत्र पठाएपछि मात्र आफूले आफना नाममा ऋण निकालिएको कुरा बैंकको पत्रबाट थाहा पाएको उनले बताइन ।

बैंकबाट ऋणको नाममा आफूले एक रुपैयाँ समेत नपाएको र आफनो २० लाख रुपैयाँ यादव र तिवारी दुबै जनाले लिएर आफूमाथि अन्याय गरेको उनले दुखेसो पोखिन ।

नेपाल बैंकले सो ऋणको साँवा र ब्याज बुझाउन आफूलाई पटक पटक ताकेता गर्ने गरेको उनले बताइन । साँवा र ब्याज नबुझाए धितो वापत राखिएको १३ कठ्ठा जग्गा नै लिलाम गरी बिक्री गरिदिने भनी बैंकले जानकारी गराए पछि आफू ठूलो समस्यामा परेको उनले बताइन् ।

बैंकबाट आफना नाममा निकालिएको २० लाख रुपैयाँ आफूलाई फिर्ता गर्न मोतिलाल र उमाशंकरलाई पटक पटक आग्रह गर्दा पनि ती दुबै जनाले आफ्नो पैसा फिर्ता गर्न आलटाल गर्ने गरेको उनको भनाइ छ ।

उनीहरुले एकातर्फ आफनो पैसा फिर्ता गर्न मानेका छैनन् भने अर्कोतर्फ ऋणको साँवा र ब्याज नबुझाए बैंकले आफनो जग्गा नै लिलाम गरिदिने भन्ने चिन्ताले पिरोलिएको उनले बताइन ।

कुनै पनि बैंकले कसैलाई ऋण दिँदा सम्बन्धित व्यक्तिलाई खाता मार्फत नै ऋण दिने गरेको छ । तर लालसर देवीको नाममा स्वीकृत भएको २० लाख रुपैयाँ ऋण उनको खाताबाट सिधै ती दुबै जनाले झिकेको हुँदा यसमा कही न कही बैंकका तत्कालीन कर्मचारीको समेत संलग्नता रहेको हुन सक्ने आशंका गरिएको छ ।

पीडित लालसर देवीले बैंकबाट झिकिएको आफनो उक्त पैसा यादव र तिवारीबाट फिर्ता गराइदिन सम्बन्धित निकायसंग गुहार गरेकी छन् ।

यता मोतिलाल यादवले यस सम्बन्धमा चितबुझ्दो जवाफ दिएका छैनन । आफूले बैंकबाट ऋण निकाल्न सहजीकरण मात्र गरिदिएको र उनको एक रुपैयाँ पनि नलिएको यादवले जवाफ दिएका छन् ।

त्यस्तै अर्का व्यक्ति कुखुरा व्यवसायी समेत रहेका उमाशंकर तिवारीले लालसर देवीसंग आफूले कुखुराको दाना खरिद गर्ने सम्झौता गरे बमोजिम उनीसंग दानाको कारोबार मात्र गर्ने गरेको बताए । लालसर देवीले आफूमाथि लगाएको आरोपमा कुनै सत्यता नरहेको तिवारीको भनाइ छ ।

# सखी-बहिनपा मैथिलानी समूहको अन्तर्राष्ट्रिय महासम्मेलन सम्पन्न




टुडे समाचारदाता

जनकपुरधाम । भाषा, कला , संस्कार , लिपि , सभ्यता , सस्कृतिको जीवन्तता तथा भावी पुस्तामा त्यसको निरन्तरताका लागि संरक्षण एवं रक्षामूलक कार्यको अपरिहार्यतामाथि जोड दिँदै सखी-बनिपा मैथिलानी समूहको दुई दिने अन्तर्राष्ट्रिय महासम्मेलन सम्पन्न भएको छ ।

महासम्मेलनले भाषाको सम्बर्द्धन र विकास , शिक्षामा मातृभाषाको प्रयोग , उद्यमशील , स्वावलम्बन , आत्मनिर्भरतातर्फ उत्प्रेरित हुने अभियान ,जागरण एवं व्यवस्थापनमूलक कार्ययोजनासहितको गतिविधि सञ्चालनको खाँचौं औल्याएको छ ।

आर्थिक र सामाजिक विकास , सांस्कृतिक अवस्था बारे चिन्तन-मन्थन गर्दे महासम्मेलनले मौलिक संस्कृतिको मूल स्वरुपलाई बचाउन हरैक क्षेत्रमा पहलमा हुनुपर्ने आवश्यक ठानेको छ ।

आफ्नो आहार-विहार , संस्कार- शिष्टाचार , परिधान , साज-शृङ्गार , भाषा-भंगिमालाई बह्य आवरणबाट मुक्त गर्नुपर्ने ठहर महासम्मेलनले गरेको छ । झिझिया नृत्यको मूल स्वरुपमा परिवर्तन हुँदै गएकोप्रति महासम्मेलनले मैथिली भाषाको महत्व बोध गराउनुपर्नेमा महासम्मेलनले जोड दिएको छ ।

मिथिलाञ्चलको लोकजविन तथाकथित आधुनिकताको चपेटामा परेर बाटो बिराउन थालेकोप्रति महासम्मेलनले चिन्ता व्यक्त गरेको छ ।

भाषा , साहित्य , संस्कृति , उद्यम र धरोहरको संरक्षण र सम्बर्द्धन गर्न प्रयासरत सखी बहिनपा मैथिलानी समूह हरेक वर्ग , जाती र समुदायको हकको पक्षमा आवाज उठाउने सामाजिक , समावशी र समतामूलक संस्था हो ।

नारीहरुको शिल्पगत सामग्रीको प्रवर्द्धन , स्वरोजगारको माध्यमले जीविकोपार्जनका अवसर , परम्परागतसंस्कारजन्यरआहारका सामग्रीको बजारीकरणका लागि व्यवस्थापन र आत्मनिर्भरताका लागि आर्थिक ,सामाजिक , शैक्षिक विकासमूलक कार्य गर्नुका साथै दहेज प्रथा ,घरेलु हिंसा , बाल विवाह , छुवाछुत , भ्रुण हत्या जस्ता सामाजिक कुरीतिको निवारणका लागि विभिन्न कार्य समेत समूहले गरिरहेको छ ।

महासम्मेलनले प्रकृतिमा अन्तर्निहित लयात्मकता र रागात्मकताले मिथिलाको चिन्तन र दर्शनमा पारेको प्रभावका कारणले वातावरणलाई रागमय बनाएको बुझिन्छ यी ऐतिहासिक तथ्य हुँदा पनि कालक्रमले आफ्नो गौरवशाली परम्परागत सांस्कृतिक थातिप्रतिको उपेक्षाले विधि व्यवहार , संस्कार लोपोन्मुख चक्रबाट गुज्रिरहेकोप्रति चिन्ता व्यक्त गरेको छ ।

महासम्मेलनमा झांकी ,संस्कार गीतहरूको प्रस्तुति, पमरिया , सामा चकेवा , झिझिया , सीताराम विवाह लीला प्रदर्शन , मैथिली भाषा लिपि र भाषा संरक्षण नाटक , महिला कवि सम्मेलनको आयोजना गर्नुका साथै मिथिलाकलाको प्रदर्शन गरिएको थियो ।

गाम-गाम , नगर-नगर , गली-गली , मैथिलीसँग हमसभ अनवरत रही मूल नारासहित जनकपुरधाम सखी-बहिनपा मैथिलानी समूहद्वारा आयोजना गरिएको दुई अन्तर र्ष्ट्रिय महासम्मेलनमा नेपाल , भारत र दुबईका हजारौं सदस्यको सहभागिता रहेको थियो ।

# माग सम्वोधन नहुँदा आन्दोलन गर्नुपर्ने बाध्यता : अध्यक्ष साह

टुडे समाचारदाता

वीरगञ्ज । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले देशका सम्पूर्ण भन्सार कार्यालयबाट ४५ प्रतिशत कमिसनबापतको पुरस्कार लिनेहरूको सूची सार्वजनिक गरिनुपर्ने बताएका छन् । पर्साको पोखरियामा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य समेत रहेका साहले भन्सार कमिसन भनेर कर्मचारीहरुको नाममा गुपचुपरुपमा रकम गइरहेको बताए ।




'पुरस्कारको नाममा निजी खाताहरूमा रकम गइरहेको छ । त्यो एउटा भ्रष्टाचार हो । होइन भने किन राज्यले पुरस्कारको सूची सार्वजनिक गर्न सक्दैन ?', साहले भने । राम्रो नियतले कमिसन बापतको पुरस्कार दिएको हो भने राज्यलाई सूची सार्वजनिक गर्न किन आपत्ति हुन्छ भन्दै उनले यसले भ्रष्टाचार मौलाउने कार्यमा राज्यकै सहयोगी भूमिका पुष्टि हुने बताए । 'पुरस्कार लिने जति पनि कर्मचारीहरू छन् उनीहरूको नाम सार्वजनिक गर्नैपर्छ । पुरस्कार लिएर देशका लागि राम्रो योगदान दिने पुलिस र कर्मचारी हो भने गोप्य राख्न जरुरी हुँदैन', उनको भनाइ छ ।

सो पार्टीको आम सम्पर्क मञ्चले 'भन्सार नियमावलीबाट ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी व्यवस्था खारेजी' गर्नुपर्ने लगायतका माग गर्दै निरन्तर भन्सार विभाग घेराउ गर्दै आएको छ ।

पुरस्कारको रकम कति कसको नाममा कहिले गएको हो भन्ने विषय आम जनताले जान्न जरुरी रहेको भन्दै साहले दोहोर्‍याए, 'यो ४५ प्रतिशत पुरस्कारको व्यवस्था खुलेआम लुट हो किनकि यो पैसा गुपचुप सिधै मन्त्रीको खातामा पुग्छ । यसलाई रोक्न सर्वप्रथम हाम्रो माग सम्बोधन गर्नुपर्छ ।'

गत भदौ ३१ गते भन्सार विभागको महानिर्देशकमार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएर सुरुवात गरेको सङ्घर्षको पहिलो चरण अन्तर्गत असोज ३ गते पत्रकार सम्मेलन, असोज १८ गते नियमावलीको गलत प्रावधान जलाइएको, असोज १९ गते तराई-मधेसका जिल्लाहरूको भन्सार कार्यालय घेराउ र असोज २१-२६ गतेसम्म भन्सार विभागमा धर्ना कार्यक्रम गरिएको थियो ।

तर नेपाल सरकारले कुनै सुनवाइ नगरेपछि बाध्य पार्टीले दोस्रो चरणको आन्दोलन गर्नुपरेको सो बताइएको छ । भन्सार नियमावलीको परिच्छेद १० को दफा ४७, ४८, र ४९ मा गरिएको व्यवस्थाअनुसार कुनै चोरी निकासी वा पैठारीको माल समान पक्राउ गरी भन्सार कार्यालयमा बुझाउनेलाई ३० प्रतिशत र त्यसको सुराक दिनेलाई १५ प्रतिशत गरी कुल रकमको ४५ प्रतिशत रकम पुरस्कार स्वरूप व्यक्तिलाई दिने व्यवस्था छ ।

कार्यक्रममा साहले नेताहरूले जनतालाई घात गर्दा देशमा समस्या बढ्दै गएको पनि बताए । देशलाई असफल बनाउन लागिपर्ने नेताहरूले ठाउँ खाली गर्न तयार हुनुपर्ने भन्दै उनले वर्तमान व्यवस्थाले देशले निकास नपाउने पनि दाबी गरे । देशलाई सङ्कटबाट निकास दिन अन्तरिम सरकार गठनको विकल्प नभएको उनको भनाइ छ ।

'वर्तमान संवैधानिक व्यवस्था असफल भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्थामा जानुको विकल्प छैन,' उनले भने, 'देशलाई ठोस निकास दिन वर्तमान सरकार असफल भएकाले तत्काल विघटन गरी अब अन्तरिम सरकार गठन गर्नुपर्छ ।'

सो अवसरमा विभिन्न पार्टी परित्याग गरेर दर्जनौं व्यक्तिहरू आजपामा प्रवेश गरेका थिए ।

# घुससहित पक्राउ परेका वडाध्यक्ष र सचिव दोषी ठहर

टुडे समाचारदाता

जनकपुरधाम । घुससहित पक्राउ परेका नगराइन नगरपालिकाका वडाध्यक्ष र वडासचिवलाई कैद सजाय गरिएको छ ।

धनुषाको नगराइन नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष वुलन यादव र सोही वडाका वडा सचिव अमृत नारायण मिश्रलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरिएको छ ।

सडक निर्माणको कार्य सम्पन्न पश्चात भुक्तानीको लागि पूर्वाधार विकास कार्यालय, धनुषालाई सिफारिस गरी दिएवापत सेवाग्राहीसँग उनीहरुले ७० हजार रुपैयाँ घुस लिएका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले गत जेठमा उनीहरूलाई घुससहित रंगेहात पक्राउ गरेको थियो । विशेष अदालतले दुवैलाई दोषी ठहर गरेको छ । ७० हजार घुसको मुद्दामा चार देखि ६ महिनासम्म कैद सजाय हुने कानुनी प्रावधान छ ।

# ५ महिनामा २४ करोड ५४ लाख बराबरको अवैध सामान बरामद

टुडे समाचारदाता

बारा । इलाका प्रहरी कार्यालय सिमरा मातहतबाट खटिएको प्रहरीले गत शुक्रबार पथलैयाबाट ९ लाख ३० हजार मूल्य बराबरको प्याजसहित ट्रक नियन्त्रणमा लियो । भन्सार छलेर राजविराजबाट काठमाडौंतर्फ जाँदै गरेको ना६ख २६२५ नम्बर ट्रकसहित १७ हजार ७३० किलो अवैध प्याज पथलैयाबाट प्रहरीले नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैयालाई बुझाएको छ ।




यसअघि पुस ३ गते र पुस ५ गते पनि जीतपुरबाट खटिएको प्रहरी टोलीले २ क्विन्टल प्याज नियन्त्रणमा लिएर राजस्वलाई बुझाएको थियो ।

यी केही प्रतिनिधिमुलक घटनामात्र हुन् । इलाका प्रहरी कार्यालय सिमरा र मातहतबाट खटिएको प्रहरीले दैनिकजसो पूर्वपश्चिम राजमार्ग, पथलैया-वीरगञ्ज औद्योगिक करिडोरमा भन्सार छली गरेर अवैध रुपमा ल्याएको प्याज, चिनी, लत्ता कपडा, किराना सामान नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालयलाई बुझाउने गरेको छ ।

चालु आर्थिक वर्षको ५ महिनामा इप्रका सिमरा र मातहतको प्रहरीले करिब १ करोड ५० लाख मूल्य बराबरको अवैध प्याजमात्रै नियन्त्रणमा लिएको छ । वीरगञ्ज भन्सार नाका हुँदै भित्रिने अवैध सामानको चेकजाँचमा प्रहरीले कडाइ गरेको इप्रका सिमराले जनाएको छ ।

साउन यता पथलैया चौकीले १० करोड ७२ लाख ६६ हजार, इप्रका अम्लेखगञ्जले ९ करोड २४ लाख ८४ हजार र इप्रका जीतपुरले ४ करोड ५० हजार मूल्य बराबरको सामान बरामद गरेको इप्रका सिमराले जनाएको छ । सिमराबाट खटिएको प्रहरीले पिलुवा-कलैया सडक खण्डको बडहर्वा, डकाहा, सिमरा र बझानीबाट ४९ लाख २५ हजार मूल्य बराबरको सामान बरामद गरेको छ ।

इप्रका सिमरा अन्तर्गत अम्लेखगञ्ज, जीतपुर र पथलैया चौकी मुख्य पोष्ट हुन् । सिमरासहित यी ३ वटा पोष्टबाट मात्रै प्रहरीले चालु आर्थिक वर्षको ५ महिनामा २४ करोड ५४ लाख बराबरको अवैध सामान नियन्त्रणमा लिएको छ ।

जसमा लागुऔषध (खैरो हिरोइन, अफिम, एम्पुल, नोफिम लगायत), गाँजा, प्याज, चिनी, मोटरसाइकल, ट्रकको पार्टस्, खजुर, किसमिस, छोकडा, रेडिमेट कपडा, किराना खाद्य साम्रगी, मोबाइल पार्टपुर्जा, भैंसी, रजनीगन्धा लगायत छन् भने नदीजन्य पदार्थको चोरी तस्करीमा संग्लन टंयाक्टर, टिपरहरुलाई पनि नियन्त्रणमा लिएबापत ३ लाख १० हजार राजस्व संकलन भएको छ ।

खोलाजन्य पदार्थको उत्खनन् बन्द रहेको अवस्थामा बालुवा, ढुङ्गा, गिटी चोरी गर्ने ट्र्याक्टरहरुलाई नियन्त्रणमा लिएर प्रहरीले जीतपुर सिमरा उपमहानगरमा बुझाउने गरेको छ । उपमहानगर ट्र्याक्टरको हकमा ५ हजार र टिपरलाई १० हजार राजस्व लिएर छोड्ने गरेको छ ।

इप्रका सिमराका प्रमुख प्रदीप बहादुर क्षेत्रीले वीरगञ्जबाट अवैध सामान बोकेर नेपाल भित्रिएमा मालवाहक गाडी बारा-पर्सा औद्योगिक करिडोर हुँदै देशभरका ठुला सहरहरुमा पुग्ने भएकाले राजमार्गमा २४ सै घण्टा चेकजाँचमा कडाइ गरिएको बताए । पूर्वपश्चिम राजमार्ग गुड्ने मालवाहक सवारी साधनको हकमा अम्लेखगञ्ज, पथलैया, पिलुवा, तामागढी क्षेत्रसम्म सिमरा प्रहरीले चेकजाँच गर्दछ ।

'अधिकांश सूचना हाम्रै स्रोतबाट थाहा हुन्छ भने केही सूचना बाहिरबाट आउँछ तर कुनै सूचना नआए पनि हाम्रो पुलिसले २४ सै घण्टा राजमार्गमा गुड्ने हेरक सवारी साधनमाथि कडा निगरानी राखेको हुन्छ,' इप्रका सिमराका प्रमुख क्षेत्रीले भने, 'हामीले बरामद गरेका सम्पूर्ण सामान राजस्व अनुसन्धान कार्यलय पथलैयामा बुझाउँछौं, त्यसपछिको बाँकी काम कारबाही, मुद्दा चलाउने/नचलाउने सबै उहाँहरुको हातमा हुन्छ ।'

राजस्व चुहावट सम्बन्धी ऐनमा राजस्व छली गरेर ल्याएको सामान प्रहरीले नियन्त्रणमा लिएर बुझाएको हकमा कुल रकमको १० प्रतिशत सुराकीले र जरिबानाको ५ प्रतिशत प्रहरीले पुरस्कार स्वरुप पाउने व्यवस्था छ ।

राजस्व अनुसन्धान पथलैयाका प्रमुख प्रेम देवकोटाले प्रहरीले नियन्त्रणमा लिएका सामानमध्ये केही सामानको बिल बिजक र कागजपत्र सहित सम्बन्धित सामान धनी उपस्थित भएर सामान फिर्ता लैजाने र केही सामानको हकमा जरिवाना गेरर छाड्ने गरेको बताए ।

'प्रहरीले अवैध भनेर बुझाएका सबै सामानको मुद्दा चल्दैन, कुनै गाडीको घरमा बिल बिजक छुटेको रहेछ भने कागजपत्र ल्याएर सामान फिर्ता लैजान्छन्, केहीको फर्जी कागजपत्र छ भने हेरेर जरिवाना गर्नुपर्ने हो कि, मुद्दा प्रक्रियामा जाने हो, अनुसन्धान गरेर मात्रै फाइल अगाडि बढ्छ,' देवकोटाले भने ।

# हात्ती आतंकले खोसियो गाँस

टुडे समाचारदाता

बर्दिबास । जङ्गली हात्तीले घरको माथिल्लो तलाको भकारी फोरेर धान खाइदिएपछि महोत्तरीको बर्दिबास-३ पाटु बस्तीकी राधिका माझीको गाँस खोसिएको छ । खेती मजदुरी गरी वर्षभर खाना सञ्चय गरेको धान हात्तीले नष्ट गरिदिएपछि राधिकालाई अब केले गुजारा गर्ने भन्ने चिन्ता परेको छ ।

"हेर्नोस् हजुर कति आवश्यकता थाँती राखेर धान किनी थन्क्याएकी थिएँ, अब म के गरी गुजारा गर्ने होला ?" हात्तीले घर भत्काएसँगै भकारी फोरेको घटना निरीक्षणका लागि घटनास्थल पुगेका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीसहितका जनप्रतिनिधिलाई भत्केको घर र भकारी देखाउँदै राधिकाले भनिन, "मै गरीबको छाप्रो चाहिँ फोर्नु परेछ ।" शुक्रबार बिहान झिसमिसेमा हात्तीले बस्ने घर, खाने अन्न धान नोक्सान गरेपछि राधिकाको विचल्ली भएको छ ।

हात्तीले काठेघरको माथिल्लो तलामा राखेको भकारी घरको भित्ता लडाएर सूँडले तानेर फुटाएको हो । घरमा एक्लै बस्दै आएकी राधिका धन्न बाँचेको बताइन् । घर हल्लाएर लडाउँदा अब बाँच्दिन जस्तो लागेको उनी सुनाउछिन् । "माथिल्लो तलामा सुतेकी थिएँ, एक्कासी घर दुईतिरबाट हल्लियो, हंस नै उड्यो", माझी शुक्रबार बिहान झिसमिसेको घटना सम्झँदै भनिन्, "चन्द्रमाको उज्यालोमा घरका दुवैतिर हात्ती देखेँ, गुडुल्किएर चाल मारेर बसिरहें, धन्न भकारी फोरेर धान छरेपछि हात्ती हिँडे र बचें ।" घरमा एक्लै बस्दै आएकी माझीको घर भत्काएर भकारी फोर्दै हात्तीले पाँच/छ क्विन्टल धान छरेको छ ।

राधिकासँगै सोही दिन एक जोडा हात्तीले पाँच सय मिटर परको प्रेमबहादुर भुजेलको घर पनि भत्काएको छ । भुजेल पनि आफू कालको मुखबाटै जोगिएको बताइन् । भुजेल सुतिरहेकी खाट हात्तीले लडाएको घरको पर्खालले थिचिएर भाँच्चिएको छ । परिवारसहित वनको पाखातिर दौडँदै भाग्दा केहीबेर हात्तीले लघारेको भुजेलले बताइन् । दुवै पीडित परिवारलाई राहत उपलब्ध गराइने नगरप्रमुख क्षेत्रीले प्रतिबद्धता जनाए ।

इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक विजय यादवले पनि दुवै घटनाबारे जिल्ला विपद् व्यवस्थापनमा जानकारी गराइ आवश्यक सहयोगको अनुरोध गरिएको जानकारी दिए । यसअघि गत बुधबार साँझ हात्तीले गौशाला-१ रामनगर सिरानको सागरनाथ वन विकास परियोजनाको प्लटमा दाउरा बोकेर घर फर्कँदै गरेका मुन्ना शेषलाई लडाएर घाइते बनाएको थियो ।

पछिल्ला करिब दुई महिनायता महोत्तरीका वनक्षेत्र नजिकका बस्तीमा जङ्गली हात्तीको आतङ्क बढ्दो छ । वनक्षेत्रसँग जोडिएका जिल्लाका बर्दिबास र गौशाला नगरपालिका क्षेत्रमा हात्तीको आतङ्क छ । दिनभर घनाजङ्गलका झाडीमा लुक्ने र रात परेपछि हात्ती बस्ती पस्दै आएका छन् । काठेघरका भित्ता हल्लाएर लडाउने, भकारी फोरेर अन्नपात छर्ने, केराका थाम लडाउने र खेतबारीका बाली माडेर नोक्सान पुर्‍याउने अहिले देखिएका हात्तीका बिग्याइँ छन् । यसपालि खेतबारीको बाली क्षति गर्दै आएका हात्तीले पछिल्ला केही दिनयता घर लडाउने, मान्छेलाई आक्रमण गर्ने क्रम बढेपछि यहाँ त्रास छाएको छ । सर्वसाधारण घाँस दाउरा गर्न र गाईबस्तु चराउन पनि वन पस्न छाडेका बर्दिबास-३ पाटुकै सामाजिक कार्यकर्ता विनोद ढुङ्गेलको भनाइ छ ।

बस्ती पसेर बिग्याइँ गरिरहेका हात्ती धपाउन नगर प्रमुख क्षेत्रीसहित वनक्षेत्रमा एक सातादेखि खोज अभियानमा लागेका सुरक्षाकर्मीले भने हात्ती दिउँसो लुक्ने ठाउँ फेला नपरेको प्रहरी नायब उपरीक्षक यादवको भनाइ छ ।

# अध्यक्षमा यादव बिजयी

टुडे समाचारदाता

राजविराज । उच्च बार एशोसिएशन राजविराजको निर्वाचनमा प्रगतिशील कानुन व्यवसायी समूहका तर्फबाट अध्यक्षमा बलराम प्रसाद सिंहलाई १७ मतले पराजित गर्दै बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत कानुन व्यवसायी समूहका हरेराम यादव निर्वाचित भएका छन् ।



आईतवार घोषणा गरेको परिणाम अनुसार हरेरामले १ सय ३ मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी बलरामले ८६ मत मात्र प्राप्त गरे । परिणाम अनुसार दुइ पद बाहेक सबै पदमा लोकतान्त्रिक समूह कै उम्मेदवार विजयी भएका छन ।

उपाध्यक्ष र कोषाध्यक्ष पदमा लोकतान्त्रिक समूहकै क्रमशः धर्मेन्द्र प्रसाद यादव र उमाशंकर देव निर्वाचित भएका छन् ।

सचिव पदमा भने प्रगतिशील समूहकी दानो चौधरी निर्वाचित भएकी छन् । यस्तै ८ सदस्य पदका लागि भएको निर्वाचनमा ७ पदमा लोकतान्त्रिक समूहका उम्मेदवार विजयी भएका छन् ।

निर्वाचित हुनेहरुमा लोकतान्त्रिक समूहका दिनेश कुमार सिंह, डा.सन्तोष कुमार चमन यादव, डा.शिवनारायण यादव, नित्य देव प्रसाद यादव, रामचन्द्र मण्डल, कौशल किशोर दत्त र किसुन देव ठाकुर रहेका छन् ।

यस्तै प्रगतिशील समूहबाट सदस्य पदमा राज कुमार टरैत पनि निर्वाचित भएको निर्वाचन संयोजक धीरेन्द्र यादवले जानकारी दिए । कुल २ सय ३ मतदाता रहेको बारको निर्वाचनमा १ सय ९२ मत खसेको थियो । २ वर्षे कार्यकालका लागि निर्वाचित बारका अध्यक्ष हरेरामले कानुन व्यवसायीहरुको व्यवसायिक हकहित, सुरक्षा र प्रतिष्ठा अभिबृद्धिका साथै सक्षम, संयमित, अनुशासित बारको व्यवस्थापन र भ्रष्टाचार मुक्त निर्भिक, न्यायिक वातावरण निर्माणका लागि आफ्नो टिमले काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८